म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५६ सोमबार ८ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 25 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोटरसाइक्ल चोरी गर्ने स्याङतान पक्राउ

हेटौंडा, ७ असोज/चोरीको मोटरसाइकलसहित जिल्ला प्रहरी कार्यालय मकवानपुरले एक जनालाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ रातोमाटेबाट बागमती प्रदेश ०३-००१ प ३४५९ नम्वरको १ सय ५५ सीसीको नीलो रङको एमटी १५ मोटरसाइकलसहित सर्लाही बरहथवा नगरपालिका वडा नम्बर-३ मुर्तिया बस्ने ३८ बर्षीय दुर्गाबहादुर स्याङतानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवापनुरका प्रहरीनायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । भण्डारीका अनुसार मोटरसाइकल शुक्रबार हेटौंडा उपमहानगरपालिका-१० टिसिएनरोड बस्ने २९ वर्षीय अशोककुमार सिंहको घरमा पार्किङ गरेर राखेको अवस्थामा चोरी भएको थियो । सिंहले मोटरसाइकल चोरी भएको प्रहरीमा निवेदन दिएपछि प्रहरीले जिल्लाका नाकामा सुरक्षाजाँच कडा बनाएको थियो । खोजतलास गर्ने क्रममा प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको टोलीले शनिवार राति हेटौंडा-१५ रातोमाटे चेकपोष्ट अगाडि सडकमा जाँच गर्ने क्रममा चोरीको मोटरसाइकलसहित स्याङतानलाई पक्राउ गरिएको हो ।

# मयुरधाप औद्योगिक क्षेत्रमा तीन सय उद्योगीको निबेदन अलपत्र

## निकुञ्ज र वन समितिले स्वीकृति दिएपनि मन्त्रालयले अड्कायो फाइल

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/मयुरधापमा औद्योगिक क्षेत्र संचालनमा आएको खण्डमा उद्योग स्थापनाको तयारीमा रहेका तीन सय लगानीकर्ताको निबेदन अलपत्र परेको छ । हेटौंडा-१४ मयुधापमा नयाँ औद्योगिक क्षेत्र स्थापनाको काम सुरु भएसँगै जग्गा प्राप्तिका लागि लगानीकर्ताले निवेदन लिएर आए तर, उद्योग स्थापना गर्ने मिति नजुरेपछि निराश बनेका छन् ।


हेटौंडाको मयुरधापमा निर्माण थालिएको नयाँ औद्योगिक क्षेत्रको काम केही वर्ष पर्सा राष्ट्रिय निकुञ्जले रोक्या, केही समय स्थानीय सामुदायिक वन समितिले रोक्यो । पछिल्लो समय वन मन्त्रालयले फाईल अड्काएपछि लगानीकर्ता निराश नहुने कुरै भएन । औद्योगिक क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) प्रतिवेदन निर्माणका क्रममा वन तथा वातारण मन्त्रालयले स्वीकृति नदिएपछि काम अगाडि बढ्न नसकेको हो ।

मन्त्रालयले औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भन्दै आपत्ती जनाएपछि कुनैपनि काम हुन सकेको छैन । वन मन्त्रालयले आईई प्रतिवेदन स्वीकृत नगर्दा भौतिक पूर्वाधार निर्माणको काम अगाडि बढाउन नसकिएको मयुरधाप औद्योगिक क्षेत्रको परियोजना प्रमुख तथा हेटौंडा औद्योगिक क्षेत्रप्रमुख भोजराज बिनाडीले जानकारी दिए ।

औद्योगिक क्षेत्रको भोगाधिकार सहितको प्रमाणपूर्जा प्राप्त गरी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) पनि स्वीकृत भएको छ । प्रस्ताबित औद्योगिक क्षेत्रको जमिन तारबार र प्लटसमेत छुट्याउने काम भइसकेका छ । गतवर्ष आईई प्रतिवेदन तयार गरी वन मन्त्रालयमा स्वीकृति माग्दा मन्त्रालयले स्वीकृति दिन आनाकानी गरिरहेको छ । त्यसयता कुनै काम नै अघि बढ्न सकेको छैन । औद्योगिक क्षेत्र स्थापनाको लागि सरकारले दुई वर्षदेखि बजेटसमेत विनियोजन गरि रहेको छ तर, काम हुन नसक्दा बजेट फ्रिज हुने गरेको छ ।

प्रत्येक वर्ष सरकारले बजेट विनियोजन गरेपनि काम हुन सकेको छैन । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले मयुरधाप औद्योगिक क्षेत्रको परियोजना कार्यालयसमेत स्थापना गरी ७ जनाको दरबन्दी तोकेर कर्मचारी खटाएको थियो । औद्योगिक क्षेत्र निर्माणमा बाधा पुगेपछि हेटौंडा उपमहानगर पालिकाले औद्योगिक क्षेत्र बन्न लागेको जग्गासहित वडालाई मध्यवर्ती क्षेत्रभन्दा बाहिर राख्ने निर्णय गरी मन्त्रालयमा सिफारिस गरेको थियो । मन्त्रालयले हालसम्म कुनै निर्णय गरेको जानकारी प्राप्त नभएको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।

पूर्वमा मयुरधापको बस्ती, पश्चिममा कालापानी, उत्तरमा हेटौंडा-१६ र दक्षिणमा उत्तरपानी पर्ने चारकिल्ला क्षेत्र रहेको चुरेको खहरे उकास जमिनमा औद्योगक क्षेत्र स्थापना गर्न ८ वर्षअघि मन्त्रि परिषद्ले निर्णय गरेको थियो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले मयुरधापमा नयाँ औद्योगिक क्षेत्र बनाउने निर्णय, २०७३ साउन



६ गते औद्योगिक क्षेत्र स्थापना गर्ने जग्गाको लालपूर्जा मयुरधाप औद्योगिक क्षेत्रको नाममा नामसारी गर्नै निर्णय भएको थियो ।

औद्योगिक क्षेत्र तयार गर्नका लागि करिब साढे सात अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । प्रारम्भिक चरणमा औद्योगिक क्षेत्रको जमिनलाई चारदेखि १४ रोपनीसम्मका ६३ वटा प्लटमा विभाजित गरिएको क्षेत्रप्रमुख बिनाडीले बताए । तीन सय जना लगानीकर्ताले नयाँ औद्योगिक क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना गर्न आसयपत्र (निबेदन) दिएका छन् । पर्सा राष्ट्रिय निकुञ्ज र स्थानीय वन समितिले सहमति दिएको भएपनि मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन मन्त्रालयमा लामो समयदेखि अड्किएको हो ।

घेषणा भएको आठ वर्ष लागिसक्दा पनि औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अलपत्र परेको छ । वि.स. २०७७ फागुण १४ गते तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले शिलान्यास गरेको औद्योगिक क्षेत्र शिलान्यासमै सीमित छ । क्षेत्रफलका दृष्टिकोणले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा जग्गा अभाव भएपछि र काठमाडौं उपत्यकाभित्रका औद्योगिक क्षेत्रका औद्योगिक प्रतिष्ठान मयुरधापमा स्थानान्तरण गर्ने योजना पनि तत्कालीन सरकाले अघि सारेको थियो ।

चुरेको खहरेले धार परिवर्तन गरेसँगै मयुरधापमा ठूलो क्षेत्रफल खाली जमिनका रुपमा बसेको थियो । बुट्यानले ढाकेका जमिनमा ठूला रुख छैनन् । यो जग्गा समथर भएकै कारण सरकारले औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णय गरेको थियो । यस क्षेत्रमा कुल ५० प्रजातिका चराचुरुंगी तथा १३ प्रजातिका घस्रने जीवजन्तु पाइन्छ । यहाँ पाइनेमध्ये १४ प्रजातिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा जोखिम वर्गमा सूचीकृत गरिएका छन् ।

जसमध्ये ९ वटा स्तनधारी दुईवटा पंक्षी तथा तीनवटा घस्रने जनावर पर्दछन् । जसकारण पर्सा राष्ट्रिय निकुञ्जले औद्योगिक क्षेत्रको काम रोकेको छ । संघीय सरकारको वन तथा वातावरण मन्त्रालयमा मयुरधापको फाइल वर्षौंदेखि अड्किरहेको हो । निकुञ्जले वफरजोन क्षेत्रभित्र परेको भन्दै स्वीकृति दिएको छैन । हाल मयुरधापमा बस्ती बढेसँगै जनावर तथा विभिन्न प्रजातिका चराचुरुंगीको आवागमन पनि घटेको पाइन्छ ।

क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख बिनाडीले अझै काम अगाडि नबढ्ने जानकारी दिए । पर्सा राष्ट्रिय निकुञ्जले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्ने अनुमति दिए पनि वन मन्त्रालयले (इआईए) स्वीकृत नगरेको प्रमुख बिनाडीले बताए । बिनाडीले निकुञ्जबाट मयुरधाप औद्योगिक क्षेत्रको समस्या समाधान हुने गरी इआईएको लागि पत्राचार भएको र कार्यालयले वन तथा वातावरण मन्त्रालयमा लेखी पठाइएपनि मध्यवर्ती क्षेत्रको कारणले स्वीकृति अड्काएर राखेको बताए ।

'निकुञ्जबाट वैशाख अन्तिममा समस्या समाधान हुने गरी सकारात्मक पत्र आएको थियो । हामीले मन्त्रालयमा पत्राचार गरि सकेका पनि छौं । तर, मन्त्रालयले मध्यवर्ती क्षेत्र भएको भन्दै स्वीकृति दिएको छैन'-बिनाडीले भने, 'इआईए पास नभएसम्म परियोजना अगाडि बढ्दैन ।' उनका अनुसार यहाँस्थित दुईवटा सामुदायिक वन समितिले पनि निर्माण अगाडि बढाउन सहमति दिइसकेको छ ।

मयुरधाप औद्योगिक क्षेत्र २०७७ भित्रै सञ्चालन गर्ने योजना सरकारको थियो । तर, २०८० सम्म पनि इआईए प्रक्रिया अगाडि बढ्न नसक्दा राज्यको लगानी 'बालुवामा पानी' सरह बनेको छ । औद्योगिक क्षेत्रमा संघीय सरकारको निर्णय अनुसार सुरक्षण मुद्रण विभागलाई २ सय ५० रोपनी जग्गा उपलब्ध गराउने भनिएको थियो तर, मुद्रण कम्पनी काभ्रेमा बन्ने भएपछि त्यो स्थानमा पनि औद्योगिक प्रतिष्ठान स्थापना गर्न सकिने भएको छ ।

विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) अनुसार पूर्वाधार निर्माणका लागि करिब सात अर्ब दुई करोड रकम लगानी हुनेछ । औद्योगिक क्षेत्रमा स्थापना हुने विभिन्न उद्योगबाट प्रत्यक्ष तथा अप्रत्यक्ष गरी करिब २० हजार जनाले रोजगारीको अवसर प्राप्त गर्ने जनाइएको छ ।

# मकवानपुरको बाटो हुँदै भारतीय मदिरा तस्करी, ५ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/भारतको हरियाणाबाट भारतकै विहार राज्यमा मदिरा पुऱ्याउन नेपालको बाटो प्रयोग हुने गरेको रहस्य खुलेको छ ।

भारतीय मदिरा तस्करहरुले नवलपरासीको सीमानाकाबाट मदिरा नेपाल प्रवेश गराएर मकवानपुरको बाटो हुँदै बीरगञ्जबाट विहारमा पुऱ्याउने गरेको फेला परेको हो । भारतको विहार राज्यमा मदिरा प्रतिबन्धित छ । जसकारण भारतका अन्य राज्यबाट विहारमा मदिरा ओसारपसार गर्न प्रहरी सुरक्षा कडा हुने भएपछि तस्करहरुले नेपालको बाटो प्रयोग गर्ने गरेको खुलासा भएको हो । दुईवटा कारमा फल्सबटम बनाई मदिरा बीरगञ्ज नाका कटाउने भारतीय तस्करहरुको योजना मकवानपुर प्रहरीले चकनाचुर पारिदिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरले भारतीय कारलाई 'रोयल ग्रिन' नामक मदिरा सहित पाँचजना भारतीय नागरिक नियन्त्रणमा लिएपछि विहारमा मदिरा पुऱ्याउन नेपालको बाटो प्रयोग भइरहेको रहस्य बाहिरिएको हो ।

भन्सार छली ल्याएको ३ सय ७५ एमएल र १ सय ८० एमएल भएको ८ सय ५५ बोतल 'रोयल ग्रीन' मदिरासहित पाँच जनालाई प्रहरीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चौकीबाट पक्राउ गरेको



छ । भारतको पश्चिमी दिल्ली बस्ने वर्ष २७ का विक्की, वर्ष २५ का राहुल, वर्ष २८ का कुनाल, वर्ष ३१ का नहिम र वर्ष ३७ का राजु पक्राउ परेको मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले जानकारी दिए । 'असोज ५ र ६ गते हेटौंडा हुँदै बीरगञ्जतर्फ जाँदै गरेको अवस्थामा डीएल २ सीएके १३९० र डीएल २ सीएके ७२७३ नम्बरको भारतीय कारलाई शंका लागि चेकजाँच गर्ने क्रममा भन्सार छलेर ल्याइएका मदिरा ३ सय ७५ एमएलका ७ सय १५ बोतल र १ सय ८० एमएलका १ सय ४० बोतल बरामद भएको हो ।', एसपी रिजालले भने ।

भारतको हरियाणाबाट उत्पादित मदिरा नवलपरासीको नाकाबाट नेपाल भित्रिएको प्रहरीको भनाई छ । मदिरामा हरियाणाका लागि मात्रै प्रयोग गर्न मिल्ने ट्याग लगाइएको छ । ३ सय ५० एमएलको मदिराको भारतीय मूल्य २ सय ४० रुपैयाँ र १ सय ८० एमएलको मदिरा प्रतिबोत्तल १ सय ३० रुपैयाँ पर्ने जनाइएको छ । 'यो मदिरा भारतबाट आएको प्रारम्भिक अनुसन्धानबाट देखिन्छ ।', उनले थपे रिजालले भारतको विहारमा मदिरा प्रतिबन्ध रहेको र विहारमा मदिरा बिक्री गर्ने गिरोहले नेपालको बाटो प्रयोग गरेको बताए ।

एसपी रिजालकाअनुसार मदिरा तस्करले यसअघि दुई पटकसम्म मदिरा नेपालको बाटो हुँदै विहार पुऱ्याएको सूचना हाल प्राप्त भएको छ । 'पक्राउ परेकाहरुसँग सोधपुछ गर्दा यसअघि नै दुईपटक मदिरा लगिसकेको सूचना पाएका छौं ।', एसपी रिजालले भने । मकवानपुर प्रहरीले पक्राउ गरेका पाँच जना भारतीय नागरिकसहित बरामद कार र मदिरा आवश्यक अनुसन्धान र कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाएको प्रहरीप्रवक्ता प्रहरीनायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# शिलान्यासमा हतार काममा झाराटार

नेपालमा जतिपनि राष्ट्रिय गौरवका आयोजना छन् तिनीहरु सबै सिलान्यास गर्न मात्र हतार गरिन्छ । काम भनेको यस्तैउस्तै हो, भए हुन्छ नभए ? अरु टाढाको कुरै गर्नु पर्दैन । निजगढ-काठमाडौं फास्टट्र्याक, मध्यपहाडी लोकमार्ग, मेलाम्ची खानेपानी, तराइको हुलाकी मार्ग, अपर तामाकोशी, पूर्वपश्चिम विद्युतीय रेलवे, गौरीटार रंगशाला जस्ता धेरै उदाहरण छन् । ४ वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने भनिएको परियोजना २० वर्षमा पनि अधुरै रहन्छ । यो महारोगबाट नेपाल र नेपालीले मुक्ति पाउने दिन सम्भवत हाम्रो पालामा आउनेवाला छैन । सरकारको यही नीतिको शिकार बनेको गौरीटार रंगशाला शिलान्यास भएको १४ वर्ष भयो । हेटौंडा उपमहानगर पालिका-६, गौरिटारमा १४ वर्ष अघि शिलान्यास गरिएको केन्द्रीय खेलकुद प्रतिष्ठान ( गौरिटार रंगशाला) अझै अपूर्ण छ । हेटौंडामा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता-२०३९ हुने समयमै गौरीटारमा अत्याधुनिक सुविधासम्पन्न रंगशाला निर्माण गर्ने घोषणा गरियो । यो केवल घोषणा मात्र थियो । तत्कालीन राजा बीरेन्द्रले हेटौंडामा प्रथम अन्तरनगर खेलकुद उद्घाटन गर्ने क्रममा गौरीटारमा रंगशाला निर्माण गर्ने भनिएको थियो । त्यतिबेलाको सरकारले शिलान्यास भने गरेको थिएन ।

चारदसक अघि गौरीटार रंगशालामा खेलकुदको अभ्यास गर्ने सपना देखेका कतिपय खेलाडीले यो संसारबाट बिदा लिइसकेका छन् भने कतिपय खेलाडीले खेलजीवनबाट सन्यास लिइसकेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्दप्रशिक्षणमा राख्न भन्दै २८ जेठ २०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले भब्य तयारीका साथ गौरिटार रंगशालाको शिलान्यास गरेका थिए । शिलान्यासकर्ता नेपालकै राजनीति उथलपुथल भइसक्यो तर, एउटा देशकै महत्वपूर्ण खेलकुद संरचना भने अझै अपूर्ण छ । देशको प्रधानमन्त्रीले शीलान्यास गरेको राष्ट्रको गौरवको आयोजनाको हबिगत यस्तो छ भने सामान्य नागरिकका लागि निर्माण गर्ने सडक, पुलपुलेसा, सिंचाईका नहर, खानेपानी, विद्युत, शिक्षालय, अस्पतालको हालत कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ । तत्कालीन राष्ट्रिय खेलकुद परिषद्ले पाँच वर्षभित्र निर्माण सक्ने गरी २ अर्ब ५० करोडको लागतमा काम सुरु गरेपनि गौरिटार रंगशाला लामो समयसम्म कम्पाउण्डभित्र खुला मैदानमा सीमित भयो । विगतमा यहाँभित्र खेलाडीका लागि बनाइएका होस्टल 'भुतघर' जस्तै बनेका थिए । हाल होस्टललाई प्रदेश खेलकुद विकास परिषद्ले आफ्नो कार्यालयको रुपमा प्रयोग गरिरहेको छ । पाँच वर्षभित्र सञ्चालनका लागि तयार गर्ने भनिए पनि केन्द्रीय खेलकुद प्रतिष्ठान आयोजनाले बजेट नै पाएन । जसका कारण निर्माण थालेको १४ वर्ष बितिसक्दा पनि केन्द्रीय खेलकुद प्रतिष्ठानमा बन्दप्रशिक्षणका लागि पूर्वाधार तयार हुन नसकेको हो । राष्ट्रिय महत्वको योजनामा बजेटले निरन्तरताा नपाउँदा देशका थुप्रै पूर्वाधार निर्माण अलपत्र छन् । जसमध्ये खेलकुद क्षेत्रमा कोसेढुंगा सावित हुने गौरिटार रंगशालाको योजना भने कछुवाको गतिमा अगाडि बढिरहेको छ । यहाँ फुटबल, भलिबल, क्रिकेटका लागि खेलमैदान, स्विमीङ पुल, छात्र र छात्रा होस्टल, प्रशासनिक भवन लगायतको संरचना निर्माण गर्ने राखेपको योजना थियो । योजना पूरा गर्न विगतमा सरकारले ८ वर्षमा ५ करोड बजेट छुट्यायो । यही बजेटबाट ब्वाइज होस्टल, कम्पाउन्ड वाल र गेट निर्माण गरियो ।

मुलुकमा संघीयता आएपछि बागमती प्रदेश सरकारले क्रमागत बजेटबाट फुटबल ग्राउन्ड, रनिङ ट्र्याक सिन्थेटिक, भिआईपी प्यारापिट र लाईटिङ गर्ने गरी ९० करोड रुपैयाँको लागत अनुमान तयार पारेको छ । १३ करोड ३८ लाख रुपैयाँमा ठेक्का सम्झौता भएर फुटबल ग्राउन्ड, रिटेनिङ वाल, रनिङ ट्र्याक र भिआईपी प्यारापिट निर्माणको काम जारी छ । एकै वर्षमा पर्याप्त बजेट दिन नसकिने र बजेट भएपनि एकै वर्षमा काम सम्पन्न हुन नसक्ने अवस्थाले गर्दा प्रदेश सरकारबाट बहुबर्षीय क्रमागत आयोजनाको रुपमा स्वीकृत गरेर काम गरिरहेको बताइएको छ । क्रिकेट मैदानका लागि ७१ करोड १९ लाख र स्विमिङ पुल निर्माणका लागि ५० करोड ३२ लाख रुपैयाँ लाग्ने अनुमानसहित डिपिआर तयार भएको छ । प्रदेश खेलकुद विकास परिषद्मार्फत खर्चगर्ने गरी यसवर्ष स्विमङ पुल निर्माण गर्न ३ करोड र क्रिकेट मैदान निर्माण गर्न ४ करोड रुपैयाँ बजेट छुट्याइएको छ । गौरीटारमा कभर्डहल, पौडीपोखरी, महिला तथा पुरुषको छुट्टाछुट्टै आवास कक्ष, रिक्रिएशन कक्ष, औषधोपचार कक्ष र प्रशासनिक भवन निर्माण गरिने बताइएको छ । शिलान्यास गर्ने समयमा तयार गरिएको गुरुयोजना अनुसार अहिले काम हुन सकेको छैन । जति बजेट निकाशा भयो त्यसैअनुरुपको काम गर्ने गरी योजना बनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ९ गते मंगलबार २६ सेप्टेम्बर २०२३ । द्वादशी, भाद्र शुक्लपक्ष । नलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ५:५५ । अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मुल दिवस । इन्द्रध्वज उत्थान । बामन द्वादशी

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काम बन्नाले उत्साह जाग्नेछ | **तुला** | : भाग्योदयको समय रहनेछ |
| **वृष** | : दोहोरो लाभ मिल्नेछ | **वृश्चिक** | : अध्ययनमा गडबडी हुनेछ |
| **मिथुन** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **धनु** | : काममा उत्साह बढ्नेछ |
| **कर्कट** | : पारिवारिक समस्या आउनसक्छ | **मकर** | : प्रेमको बन्धन कसिनेछ |
| **सिंह** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **कुम्भ** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| **कन्या** | : अधुरा योजना पूरा हुने देखिन्छ | **मीन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |

# उत्पादन वृद्धि र रोजगारी सृजनामा परेको गाँठो



✍ शिवकुमार काशी

रोजगारी र अध्ययनका लागि विदेश जाने कुरा आम नेपाली युवा समुदायका बीच आकर्षणको विषय बन्दै गएको छ । विमानस्थलमा विदेशिनेको भीडलाई विगत केही वर्षयता विदेशिने युवाको तथ्याङ्कको ग्राफमा स्पष्ट देखिन्छ ।

नेपाल सरकारले विश्वका १११ मुलुकलाई संस्थागत रूपमा श्रम गन्तव्यको सूचीमा समावेश गरेको छ भने नेपालीहरू संस्थागत र निजी प्रयासमा १७८ मुलुकमा रोजगारीको लागि गएको सरकारी आँकडाले पुष्टि गर्दछ ।

यसरी श्रम गन्तव्य मुलुकमा कामको लागि जाने नेपालीको संख्या वर्षेनि बढ्दो छ । गत आव २०७९/८० मा मात्र श्रम स्वीकृति लिनेको संख्या अघिल्लो वर्षको तुलनामा ४० प्रतिशत बढी अर्थात् कुल ४ लाख ९७ हजार ७०४ जनाले यस्तो स्वीकृति लिएका छन् भने विप्रेषण आप्रवाह अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब २० अर्ब ५६ करोड पुगेको भन्ने राष्ट्र बैंकको प्रतिवेदनले उल्लेख गरेको छ ।

अध्ययनका लागि विदेश जानेको संख्या पनि बढ्दै गएको छ । गत वर्ष एक लाखभन्दा बढी विद्यार्थी विदेशमा अध्ययनका लागि गएका थिए । सो वर्षको कुल भ्रमण व्ययको झण्डै ७० प्रतिशत भन्दा बढी रकम अर्थात् १०० अर्ब ४२ करोड रुपैयाँ विदेशमा पढ्ने विद्यार्थीले लगेका थिए ।

यसरी रकम बाहिरिंदा नेपालको वस्तु व्यापारमा मात्र नभई सेवा व्यापारमा पनि घाटा बढ्दै जाने प्रवृत्ति देखिएको छ ।

मुलुकलाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर तुल्याउने र रोजगारीको अवसर बढाउने भनी जतिसुकै ठूला योजना रणनीति तथा कार्यक्रमको कुरा गरेतापनि व्यवहारमा त्यस्ता नीति तथा कार्यक्रमले नतिजा दिन नसकेको स्पष्ट देखिंदैछ ।

मुलुकको जनसंख्याको एउटा ठूलो हिस्सा त्यसमाथि ऊर्जाशील जनशक्ति किन मुलुक छोडेर गइरहेको छ भन्ने बारेमा गम्भीर रूपमा चिन्तन-मनन र छलफल गर्नुपर्ने वेला आइसकेको छ । यसरी जनशक्ति पलायन हुनुमा विकर्षण शक्ति (पुश फ्याक्टर) र आकर्षण शक्ति (पुल फ्याक्टर) दुवै उत्तिकै जिम्मेवार छन् ।

विकर्षणको कारण- मुलुक भित्र रहेका बेथिति, पदमा रहेकाहरूको गैर जिम्मेवारीपन, भ्रष्टाचार, नातावाद, कृपावाद एवम् मौलाइरहेको कुशासनको संस्कृतिलाई लिन सकिन्छ । मुलुकमा संघीयता लागु गरिएपछि गाउँ-गाउँमा सिंहदरबार पुग्छ भनियो ।

हुन पनि सिंहदरबारमा भएका विकृति, कसिंगर र नकारात्मक व्यवहार प्रदेश र पालिकामा सारिए । प्रदेश र पालिकाहरूले आम जनतासँग विभिन्न प्रकारका कर तथा महसुल धमाधम असुल गरिरहेका छन् ।

तथापि उठेको कर, दस्तुर, महसुल आर्थिक तथा सामाजिक विकासका कार्यमा उपयोग हुनुको सट्टा तलब, भत्ता, गाडी, इन्धन, घर भाडा, भ्रमण आदिमै खर्च भइरहेको पाइन्छ ।

अहिले वडा सदस्यदेखि माथिका सबै तहका पदाधिकारीहरूले लिएको तलब र अन्य सुविधा एवम् २०७२ को संविधानले सृजना गरेका नयाँ-नयाँ संस्थाको खर्चको लेखाजोखा गर्ने हो भने सरकारी राजस्वले धान्नै नसक्ने गरी साधारण खर्चमा अत्यधिक वृद्धि भएको छ । त्यसमाथि महालेखा परीक्षकको विगतका वार्षिक प्रतिवेदन हेर्दा केन्द्रको तुलनामा प्रदेश र पालिकाहरूमा ठूलो परिमाणमा आर्थिक अनियमितताका चाङ लागेको देख्न सकिन्छ ।

संघीयताका विषयमा चर्चा गर्दा प्रदेशको लागि गरिएको प्रबन्ध बढी मात्रामा खर्चिलो भएको र प्रादेशिक विकासका लागि प्रदेश सरकारहरू निष्प्रभावी भए भन्ने गुनासो जतातत्तै सुन्न पाइन्छ । प्रदेशको संरचना एक प्रकारले राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई जागिर दिएर व्यवस्थापन गर्ने थलो मात्रै भयो भन्ने पनि आम बुझाइ रहेको छ ।

स्थानीय तहले जनताका दैनन्दिन समस्यामा ध्यान दिन्छन् भन्ने कुरालाई मान्ने हो भने पनि प्रदेश तहको संरचनाले आफ्नो उपस्थितिको औचित्य सावित गर्न सकेको पाइँदैन । लगभग केन्द्र सरकारकै ढाँचा अनुरूपकै सांगठनिक ढाँचा- प्रदेश सभा, मन्त्रिपरिषद, मन्त्रालय, विभाग, आयोग, कार्यालय, प्राधिकरण, सल्लाहकार र खडा गरिएका यावत् संयन्त्रको प्रशासनिक भार जनताले तिरेको कर राजस्वबाट व्यहोरिने नै भयो ।

कुनै पेशा वा व्यवसाय नगरिकनै र ाजनीति गरेकै भरमा सरकारी ढुकुटीबाट तलब भत्ता र अनेकन् सुविधा पाउने भएपछि विभिन्न पेशाका व्यक्ति पनि काम गर्न छाडेर राजनीति गर्ने र पार्टीको झोला बोक्ने काममा अग्रसर हुने नै भए । यो अवस्थामा आम जनमानसमा रहेको प्रदेशगत संरचना बारेको बुझाइलाई समेत स्पष्ट हुने गरी यस्तो संरचनाबाट अर्थतन्त्रमा पर्ने वा परेको असरका बारेमा गहन अनुसन्धान र विश्लेषण हुन जरुरी छ ।

अहिले शिक्षकहरूले स्थानीय तह मातहत बसेर काम गर्नुपर्ने परिस्थिति नहोस् भन्ने माग सहित आन्दोलन गरिरहेका छन् । हालै मात्र पालिकास्तरमा काम गरिरहेका दुई जना कृषि विकास अधिकृतले मसँगको भेटमा भलाकुसारी गर्दै गर्दा बडो मार्मिक ढंगमा आफूहरू लोकसेवा आयोग पास गरेको कारण जागिरको फन्दामा परेको बताए ।

आफूसँगै पढेका साथी लोकसेवाको पछि नलागी अमेरिकामा अध्ययन गर्न गएका र पीएचडीको उपाधि लिएर उतै जागिर र स्थायी बसोबासको व्यवस्था मिलाएका तर आफू भने जागिर गतिलो नभएको, जागिरेको प्रतिष्ठा पनि नरहेको र आर्थिक रूपबाट परिवार पाल्न पनि कठिन भएको भनेर गुनासो गर्न भ्याए ।

यो त एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । पढेलेखेका कैयौं मानिस मुलुक बाहिर छन् भने कतिपय बाहिर जान नसकेकोमा दुखित देखिन्छन् । मुलुकभित्र विद्यमान विकृति, विसंगति, अवसरको कमी तथा भएका अवसरको पनि टाठाबाठाले हडप्ने कारणले गर्दा गरिखाने र मिहिनेत गर्ने वर्ग हतोत्साही भई पलायन हुने प्रवृत्ति बढ्दो छ ।

बाबुआमा पनि छोराछोरी विदेश जाओस् भन्ने मनसुवा राख्दछन् भने विद्यार्थी पनि १२ कक्षा उत्तीर्ण हुने बित्तिकै विदेश पढ्ने तयारीमा लागेका देखिन्छन् । स्वदेशमा हुने जागिरबाट घरजग्गा जोड्ने कुरा त परकै भयो बढ्दो महँगीमा सामान्य दिनचर्या धान्न पनि धौ-धौ पर्ने भएकोले विदेशमा पढ्ने, बस्ने र कमाउने कुराले प्राथमिकता पाउने नै भयो ।

यी त भए स्वदेशबाट पलायन हुने विकर्षणका कुरा । यस विषयको अर्को पाटोमा आकर्षणका विषय छन् । बीसौं शताब्दीको उत्तर ार्धमा भूमण्डलीकरणको प्रक्रियाले गति लिएसँगै मुलुक-मुलुक बीच वस्तु व्यापार, सेवा व्यापार, सीमापार लगानी र मानिसहरूको आवागमनमा सबैजसो मुलुकले खुकुलो नीति अंगीकार गरे ।

स्वास्थ्य सेवाको चामत्कारिक विकासले गर्दा जापान, कोरिया, इजरायल र अन्य विकसित मुलुकहरूमा मानव आयु लम्बिंदै जाँदा बुढाबुढीको संख्या बढ्दै गयो भने आर्थिक रूपमा सक्रिय जनशक्तिको संख्यामा कमी आउन थाल्यो ।

यो कमीलाई पूरा गर्न त्यस्ता मुलुकले काम गर्ने अनुमति सहित खुकुलो भिसा नीति अवलम्बन गर्न थाले । सस्तोमा कम गर्ने कामदार उपलब्ध हुने भएकोले अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता मुलुकले आप्रवासन नीतिलाई खुकुलो बनाए । शिक्षित र उच्चतहमा प्रशिक्षित प्राविधिक जनशक्ति पनि आकर्षण गर्ने ती मुलुकहरूको प्राथमिकतामा रह्यो ।

खनिज तेल उत्पादन र बिक्री गर्ने मुलुकहरूले सन् २०७५ को तेल संकटबाट उत्पन्न परिस्थितिको फाइदा उठाई महँगो दरमा तेल बेच्ने मौका पाए । यसबाट उनीहरूको राजस्व संकलनमा व्यापक वृद्धि भयो । फलस्वरूप विकास तथा निर्माणका लागि ठूलो स्रोत जम्मा भयो ।

भौतिक पूर्वाधारका लागि चाहिने श्रमशक्ति उनीहरूसँग नभएकोले दक्षिणएशिया र दक्षिण पूर्वी एशियाली क्षेत्रका विपन्न मुलुकहरूबाट अदक्ष र अर्ध दक्ष कामदार लगिए र लगिंदै छन् । यसरी कामदार पठाउने मुलुकमा भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलंका, नेपाल, फिलिपिन्स, इन्डोनेशिया आदि पर्दछन् ।

बढ्दो श्रम आप्रवासनको कारण मुलुकको विप्रेषण आयमा वृद्धि भई तत्कालीन अवस्थामा विदेशी मुद्राको सञ्चितिमा सुधार भएतापनि जनशक्तिको पलायनको कारण मुलुकमा उत्पादनको अवस्था खुम्चँदै जाने, वस्तु तथा सेवाको कुल माग बढ्दै जाने र माग पूरा गर्न आयात दिन प्रतिदिन बढ्दै जाने कारणले गर्दा मुलुक नै श्रम आप्रवासन, विप्रेषण र आयात बीचको दुश्चक्रमा फस्दै गएको छ ।

विश्वका धनी एवम् तुलनात्मक रूपमा प्रति व्यक्ति आय बढी भएका मुलुकमा गरिब तथा कम आय भएका मुलुकबाट आर्थिक फाइदाका कारण हुने श्रम आप्रवासन रोक्ने कुरा त्यति सहज देखिंदैन । यस प्रकारको विषम परिस्थितिमा ठूलो युवा समुदायलाई मुलुकभित्रै सम्मानित रोजगारीको अवसर उपलब्ध गराउने विषय अत्यन्त पेचिलो र चुनौतीपूर्ण रहेको छ । हालैका वर्षहरूमा भूमण्डलीकरणको प्रक्रियामा केही शिथिलता देखा परेतापनि यो प्रक्रिया रोकिने छैन ।

यस अवस्थामा राज्यले संविधानमा रहेका कमी-कमजोरीलाई सच्याउँदै मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गति दिन श्रम तथा रोजगार नीति, कृषि नीति, उद्योग तथा लगानी नीति, र पर्यटन नीति जस्ता आधारभूत नीतिको पुनरावलोकन गरी समसामयिक तुल्याउनुपर्दछ ।

वर्तमान संविधानले सृजना गरेका कतिपय अंग बोझिला र काममा पनि दोहोरोपन आउने गरी निष्प्रभावी देखिंदैछन् । कतिपय संविधानविद्ले संविधानमा सबैका मागलाई समावेश गर्दा ऊँटको आकार लिएको छ भनेर पनि आलोचना गर्दछन् । उदाहरणको लागि एउटा समावेशी आयोग बनाएपछि जात र थर पिच्छेका आयोग बनाउन किन पर्‍यो भनेर कसैले प्रष्ट्याएको पनि पाईंदैन ।

अहिले अधिकांश शिक्षक, कर्मचारी र सरकारी ओहोदाधारी व्यक्ति प्रदेश र स्थानीय तहमा रही काम गर्न इच्छुक देखिंदैनन् । यसको कारण के हो र समाधानका उपाय के हुनसक्छन् भन्ने बारेमा निर्मम ढंगबाट समीक्षा गरी विसंगत कुराहरूमा सुधार गर्न जरुरी देखिन्छ ।

मुलुक आर्थिक तथा सामाजिक प्रगतिको मार्गमा अगाडि बढ्न थालेमा मात्र युवा वर्गले आफ्नो भविष्य मुलुकभित्रै खोज्ने वातावरण बन्दछ । कृषिको आधुनिकीकरण, अनुकूल औद्योगिक वातावरण, सडक, रेलमार्ग, जलविद्युत् परियोजना, सुख्खा बन्दरगाह र पर्यटन पूर्वाधारको निर्माण, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सूचनाप्रविधिसँग सम्बन्धित पूर्वाधार र व्यवसायको प्रवर्धन जस्ता विषयले उन्नत प्रकारको रोजगारी सृजना गर्न सहयोग पुर्‍याउने कुरा निर्विवाद छ ।

भ्रष्टाचारका घटनामा दोषीलाई निर्मम ढंगबाट कारबाही गरी भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्ने, कानुन र विधिको शासनलाई प्रवर्धन गर्ने र सदाचारलाई प्रोत्साहन गर्ने कार्यमा राज्यले ध्यान पुर्‍याउन जरुरी छ । ठूला-ठूला परियोजना कार्यान्वयन गर्न र उद्योग स्थापनाका लागि सरकारी लगानीको अलावा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानीको आवश्यकता पर्दछ ।

पूँजीगत खर्च बढाउन संरचनागत रूपमा नै व्यापक फेरबदल गरी अनुत्पादक खर्च कटौती गर्ने र पारदर्शिता, जवाफदेहिता र विधिको शासन जस्ता सुशासनका आधारभूत मान्यताको अनुसरण गरी लगानी आकर्षण हुने वातावरण बनाउन सकिएमा मात्रै मुलुकभित्रै रोजगारी सृजना गर्न सकिने र श्रम आप्रवासनलाई धेरै हदसम्म रोक्न सकिन्छ ।

मुलुकभित्र उत्पादन बढेपछि एकातिर आयात घट्दछ भने सँगै निर्यात व्यापार बढ्छ । मुलुकको लागि आगामी दिनहरू त्यति सजिला छैनन् । त्यसैले ओरालो लागेको अर्थतन्त्रलाई जोगाउने र मुलुकलाई प्रगतिपथमा अगाडि बढाउने हो भने अग्रगामी सुधारका लागि राजनीतिक दल लगायत सबै पक्ष गम्भीर बन्नै पर्दछ ।

*(साभार: अनलाइनखबर)*

# बिनापरिश्रमको विद्यावारिधिले शिर ठाडो गर्न दिन्छ र ?

✍ डा. बलराम तिमल्सिना

शिक्षा दिवसको अवसर पारेर नेपाल सरकारले स्नातकदेखि स्नातकोत्तरसम्म प्रत्येक संकायमा प्रथम हुने र विद्यावारिधि उपाधि हासिल गर्नेलाई नेपाल विद्याभूषण पदक प्रदान गर्दै आएको छ । सरकारले शिक्षा दिवस कुन तिथि र मितिमा मनाउने भन्ने निर्णय गर्न नसकेका कारण पछिल्लो तीन-चार वर्ष उक्त दिवस मनाइएन र पदक पनि वितरण गरिएन । यस वर्षदेखि अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ प्रमाणीकरण भएको दिन (असोज २)लाई शिक्षा दिवस मनाउने निर्णय सरकारले गरेको छ । यससँगै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पदक पनि वितरण गरिने सूचना निकाल्यो ।

सोही प्रयोजनका लागि विद्यावारिधिको शोधग्रन्थ (थेसिस) र सक्कल प्रमाणपत्रको प्रतिलिपि लगायत सामग्री बुझाउन त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. हिक्मतबहादुर खत्री र म शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी गएका थियौं । सामग्री बुझ्ने, नाम दर्ता गर्ने लगायत काम अत्यन्त सहज र व्यवस्थित रूपले मिलाइएको रहेछ । लाग्यो, सबै क्षेत्रमा कर्मचारीले यसै गरी सरल छिटो र छरितोसँग सेवाग्राहीलाई सेवा उपलब्ध गराउने हो भने निजामती कर्मचारीको गिरेको साख उकास्न धेरै समय लाग्दैन ।

शोधग्रन्थ बुझ्ने कर्मचारीले सोचनीय अनुभव हामीलाई सुनाए । उनको कथन थियो – विदेशबाट विद्यावारिधि गर्नेहरू त साँच्चै अब्बल हुन्छन्, उनीहरूको शोधग्रन्थ पनि पढ्न लायक हुन्छ भन्ने लागेको थियो तर मैले बुझेका कैयौं शोधग्रन्थ सामान्य प्रतिवेदनजस्तो पनि छैन । त्यसमा न अनुसन्धान विधि र पद्धति प्रस्टसँग बताइएको छ न त प्राप्ति र सुझावलाई व्यवस्थित रूपमा व्यख्या, विश्लेषण र संश्लेषण गर्दै टुंग्याइएको छ । सबै गोलमटोल, केही बुझ्नै सकिँदैन ।

शोधग्रन्थ बुझाउन आएका अर्का एक मित्रले उनको कुरामा समर्थन गर्दै थपे – म कार्यरत विश्वविद्यालयमा पढाउने एक साथीले विद्यावारिधिका लागि 'नेपालको विकास नीति'बारे गरेको शोधग्रन्थमा राष्ट्रिय योजना आयोगले प्रकाशन गरेका नीति हुबहु सारेका छन् आफैंले लेखेजसरी । विदेशको त्यो विश्वविद्यालयलाई के थाहा कि निज विद्यार्थीले देशको सरकारी डकुमेन्टको सबै सारेर शोधग्रन्थ तयार पारे भनेर । केही अनुच्छेद हुबहु सार्न पाइन्छ, तर सन्दर्भ सामग्री र लेखकको नाम तथा यसरी सार्दा पेज नम्बर समेत उल्लेख गर्नुपर्छ । ती मित्रले अध्यायका अध्याय सार्दा पनि सन्दर्भ सामग्रीको उल्लेख गरेका थिएनन् ।

यी केही अपवाद होलान् तर विदेशबाट विद्यावारिधि गर्नेहरू पनि अब्बल छन् र मिहिनेतका साथ आफ्नो शोधग्रन्थ तयार पारेका छन् । मलाई लाग्यो – फिल्डमा महिनौं अनुसन्धान गरी सयौं पुस्तक पढेर लेखिएको मेरो शोधग्रन्थ त कति गुणस्तरीय छ, यकिन छैन । नामको अगाडि डाक्टर लेखाउने लालसामा प्रमाणपत्रको व्यापार गर्ने विश्वविद्यालयबाट लिइएको उपाधिको गुणस्तर कति होला ? अनि उनीहरूको ज्ञानको स्तर के होला ? स्नातक र स्नातकोत्तर तहमा अत्यन्तै राम्रो गर्ने र आफ्नो विषय क्षेत्रमा दख्खल भएका व्यक्ति समेत किन बिनापरिश्रम, बिनामिहिनेत, बिनाअध्ययन अनुसन्धान विद्यावारिधिको उपाधि लिन लालायित हुन्छन् ? के यसरी प्राप्त गरेको उपाधिसँग उसको अन्तरआत्मा सन्तुष्ट होला ?

यसरी चिन्तन गर्दै जाँदा विद्यावारिधि गरेका १२-१५ व्यक्ति मेरो मानसपटलमा झुल्किए । उनीहरूले पढेको विश्वविद्यालय, शोधग्रन्थको स्तर, विद्यावारिधि गर्न लागेको समय, उनीहरूको ज्ञानको स्तर आदि विचार गर्दा तीन प्रकारका व्यक्ति देखें मैले ।

### विद्यावारिधि गर्ने तीन प्रकारका व्यक्ति

पहिलो प्रकारका व्यक्तिले एमफिल पास गरेर विद्यावारिधि गरेका छन् । एमफिलमा पनि करिब-करिब विद्यावारिधिसरह नै दर्शन, अनुसन्धानको विधि र पद्धतिको पढाइ हुन्छ । यसमा शोधग्रन्थ समेत विद्यावारिधिकै हाराहारी स्तरको लेखिन्छ र कठिन भाइभामा संलग्न भएर उत्तीर्ण हुन्छन् यी विद्यार्थी ।

एमफिलपश्चात् यिनीहरू विद्यावारिधिमा भर्ना हुन्छन् र तीनदेखि चार सेमेस्टर विश्वविद्यालयमा नियमित उपस्थित भएर पढ्छन् । यो समयमा अनुसन्धानको विधि, पद्धति, दर्शनका क्षेत्र, शोधग्रन्थ तयार पार्दा अपनाउनुपर्ने प्रक्रिया, अनुशासन आदिबारे गहन रूपमा बुझ्ने प्रक्रिया हुन्छ । करिब एक वर्ष प्रत्यक्ष पढाएर अनुसन्धानको प्रस्ताव स्वीकृत भएपछि विद्यार्थीलाई फिल्डमा अनुसन्धानका लागि पठाउँछ अनुसन्धान समितिले । विश्वविद्यालयको पढाइ र सम्बन्धित क्षेत्रको गहन अध्ययनबाट सैद्धान्तिक ज्ञानले खारिएको एउटा विद्यार्थी ती दर्शन र सिद्धान्तको परीक्षणका लागि फिल्डमा महिनौं खट्छ र शोधग्रन्थ तयार पार्छ ।

मेरो अनुभवमा एउटा शोधार्थी फिल्डमा कम्तीमा तीनपटक गएको हुन्छ । पहिलोपटक अन्तर्वार्ता लिइने सहभागी पहिचान गरी उनीहरूसँग सम्बन्ध स्थापित गर्न र अन्तर्वार्ता लिनुको उद्देश्य प्रस्ट पार्दै अन्तर्वार्ताका लागि उनीहरूको सहमति लिन, अनि दोस्रोपटक गहन छलफल, अन्तर्वार्ता र अवलोकनका लागि । तेस्रोपटक भने उत्तरदाताले भनेका कुरा लेखी सकेपछि ती विषय सुनाउनका लागि र उनीहरूले भनेको जस्ताको तस्तै छ कि छैन परीक्षण गर्न फिल्डमा जान्छ शोधार्थी ।

यसरी तयार पारेको शोधग्रन्थ दर्जनौंपटक सुपरिवेक्षकसँग छलफल, राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञबाट मूल्यांकन र दुईवटा भाइभा पार गरेर विद्यावारिधिको उपाधि प्राप्त गर्छ ।

विद्यावारिधि प्राप्त गर्ने दोस्रो किसिमका व्यक्तिहरू एमफिल गर्न नसकेर हो वा गर्न नचाहेर हो वा चाँडो विद्यावारिधिको उपाधि ग्रहण गर्ने लालसाले हो, एमफिल नगरी स्नातकोत्तरबाट सोझै विद्यावारिधिमा भर्ना लिने विश्वविद्यालयमा भर्ना हुन्छन् । कतिपय त्यस्ता विश्वविद्यालयमा विद्यावारिधिका विद्यार्थीलाई नियमित उपस्थित भएर लिनुपर्ने कक्षा सञ्चालन भएको पाइँदैन । विद्यार्थीले शोध प्रस्ताव तयार पारेर विश्वविद्यालयलाई बुझाएपछि अनुसन्धान समितिले सुपरिवेक्षक तोकिदिन्छन् र सुपरिवेक्षकको मूल्यांकनपश्चात् शोधार्थीले प्रस्ताव अनुसन्धान समितिमा प्रस्तुत गर्छन् । सो प्रस्ताव स्वीकृत भएमा अनुसन्धानका लागि फिल्डमा खटिन्छन् ।

यी विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीले पनि मिहिनेत, परिश्रम, सम्बन्धित विषयको अध्ययन र फिल्ड कार्य भने पहिलो दर्जाका विद्यार्थीसरह नै गरेको देखेको छु मैले । यद्यपि एमफिल नगरेको र विश्वविद्यालयले पनि नियमित पाठ्य कोर्स सञ्चालन नगरेका कारण दर्शन, अनुसन्धानको विधि र पद्धति आदिका बारेमा उनीहरूको ज्ञानको स्तर कस्तो होला भन्ने मात्र प्रश्न हो ।

कतिपयले स्वअध्ययनबाट पनि आफ्नो स्तरलाई उकासेको पाइन्छ तर एमफिलको पूर्ण अध्ययन र करिब एक वर्षको विद्यावारिधिको नियमित अध्ययनमा प्राप्त हुने ज्ञान, दर्शन, अध्ययन, अनुसन्धानका प्राविधिक र प्राज्ञिक पक्षका बारेमा स्वअध्ययनले परिपूरण गर्छ भन्ने तर्क कमजोर लाग्छ मलाई । जेहोस्, यस प्रकारका शोधार्थीले पनि विद्यावारिधिको उपाधि आफ्नै बुताले प्राप्त गरेका हुन्छन् ।

तेस्रो किसिमका डा. साबहरूको हालत भने गज्जबको छ । उनीहरूले न आफूले स्वअध्ययन गरेका छन् न विश्वविद्यालयमा नियमित अध्ययन गरेका छन् । उनीहरू नेपालका विश्वविद्यालयहरूमा नभई छिमेकी मुलुकका विश्वविद्यालयमा भर्ना हुन्छन् र दुई-तीन वर्ष पुग्दानपुग्दै विद्यावारिधि गरेको घोषणा गर्छन् । उनीहरू जम्माजम्मी दुईपटक सम्बन्धित विश्वविद्यालय पुग्छन् । एकपटक अनुसन्धानको प्रस्ताव बुझाउन र अर्कोपटक तयारी शोधग्रन्थमा सही गर्न र प्रमाणपत्र बुझ्न ।

*बाँकी पृष्ठ- ३....*

# कहाँ कसियो सुन तस्करीको छानबिनको गाँठो ?





काठमाडौं/भेप र ब्रेक शुलगायतमा लुकाएर भएका सुन तस्करीको जाँचबुझ गर्न बनाइने उच्चस्तरीय आयोगको कायदिशबारे सहमति जुटाउने प्रयास असफल भएको छ । अब चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड फर्किएपछि मात्र सहमति जुट्नसक्ने नेताहरु बताउँछन् ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले लगातार संसद अवरुद्ध गरेपछि राष्ट्रिय मान्यता प्राप्त दलहरुबीच ६ भदौमा जाँचबुझ आयोग बनाउने सहमति भएको थियो । २ साउनमा बरामद भएको ब्रेक शुमा लुकाएर ल्याएको सुनबारे नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अनुसन्धान सकेर अभियोजनसमेत भइसकेपछि ५ असोजभित्र जाँचबुझ आयोग गठन गर्ने सहमतिमा उल्लेख थियो ।

५ असोजकै दिन दलहरुबीच जाँचबुझ आयोगको कार्यदिशबारे छलफल भएको थियो, तर सहमति जुटेन । आइतबार पनि यही विषयमा छलफल भयो । सुरुमा एमाले बाहेकका दलहरुबीच रक्षा मन्त्रालयमा छलफल भयो । त्यहाँ आयोगको कायदिशको प्रस्ताव तयार भयो । गृहमन्त्रालयमा भएको छलफलमा एमाले नेताहरुलाई उक्त प्रस्तावबारे सत्तारुढ दलका नेताहरुले जानकारी गराए ।

तर छुट्टै प्रस्ताव लिएर गएका एमाले नेताहरुले पनि आफ्नो प्रस्ताव सुनाए । तर दलहरुबीच सहमति जुट्न सकेन ।

**यस्तो छ सत्तारुढ दलहरुको प्रस्ताव**

सत्तारुढ दलका नेताहरुका अनुसार केही दिन पहिले पनि जाँचबुझ आयोगको कायदिशबारे एमाले नेताहरुसँग छलफल भएको थियो । त्यसअनुसार २९ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले आयोग गठन र कार्यदिशबारे मोटोमाटी निर्णय गरेको थियो । त्यसलाई अन्तिम रुप दिएर औपचारिकता दिनुअघि भएको छलफलमा एमालेले नयाँ अडान राखेको सत्तारुढ दलका नेताहरु बताउँछन् ।

त्यसपछि पनि ६ भदौमा भएको सहमतिलाई आयोगको कार्यदिशमा राख्ने लगायतका विभिन्न प्रस्ताव गरिएको छ । मौजुदा कानुन र संरचनामा गर्नुपर्ने परिमार्जन सिफारिस गर्ने कार्यदिशमा दुबै पक्ष सहमत छन् । तर तेस्रो बुँदामा विवाद छ । पछिल्लो पटक सत्तारुढ दलहरुले सरकारी निकाय वा समितिबाट भएका छानबिनको अध्ययन गरी थप छानबिन गर्नुपर्ने भएमा आवश्यक अनुसन्धान गर्ने प्रस्ताव राखेका छन् ।

सत्तारुढ दलहरुले प्रस्ताव गरेको तेस्रो बुँदामा भनिएको छ, '२०८० साउन २ र सोभन्दा अघि वा पछि विदेशबाट इलेक्ट्रोनिक सिगरेट (भेप्स) र ब्रेक शुमा राखी वा अन्य तरिका अपनाई विभिन्न स्थानबाट गरिएको सुनको अवैध पैठारी (तस्करी) बारे यसपूर्व नेपाल सरकारका विभिन्न निकाय वा समितिबाट भएका छानबिन अनुसन्धानको अध्ययन गरी थप छानबिन अनुसन्धान गर्नुपर्ने देखिएमा (वा भएमा) आवश्यक छानबिन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने ।'

छलफलमा सहभागी नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक सीआईबीले गरेको अनुसन्धानलाई शुन्य मान्न नहुने बताउँछन् । यसले राज्यको स्थायी संयन्त्र कमजोर हुने भन्दै उनले भने, 'शून्यबाट सुरु नगरौं, भएको अनुसन्धानमा उभिएर थप के गर्नुपर्ने छ भने थप गर्ने गरेर जाउँ भन्ने हाम्रो आग्रह छ ।'

**एमालेको प्रतिप्रस्ताव**

एमालेले भने भेप, ब्रेक शु लगायतमा लुकाएर ल्याएको सुन तस्करीको जाँचबुझ आयोगले छानबिन अनुसन्धान गरी कारवाहीका लागि सिफारिस गर्नुपर्ने बताएको छ । यसक्रममा आयोगले सरकारी निकाय वा समितिबाट भएका छानबिनको प्रतिवेदनलाई सन्दर्भ सामाग्रीका रुपमा लिने प्रस्ताव गरेको छ ।

प्रस्तावित कार्यदिशमा भनिएको छ, '२०८० साउन २ गते र सोभन्दा अघि वा पछि विदेशबाट इलेक्ट्रिक सिगरेट (भेप्स) र ब्रेक-शुमा राखी वा अन्य तरिका अपनाई विभिन्न स्थानबाट गरिएको सुनको अवैध पैठारी (तस्करी) को प्रकृति, परिमाण, दायरा र सो कार्यमा संलग्न व्यक्तिहरुका सम्बन्धमा स्वतन्त्र एवं निष्पक्ष छानबिन अनुसन्धान गरी कानुन बमोजिम कारवाहीका लागि सिफारिस गर्ने । आयोगले नेपाल सरकारका विभिन्न निकाय वा समितिबाट भएका छानबिन अनुसन्धानका प्रतिवेदनहरुलाई समेत सन्दर्भ सामाग्रीका रुपमा लिने ।

**किन कसियो गाँठो ?**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले २९ माघ २०७९ मा ७३० थान भेप बरामद गरेको थियो । अवैध भनेर बरामद गरेको भेपमा करिव ९ किलो सुन लुकाएको भेटिएपछि भन्सारका कर्मचारीले सुटुक्क बेचे । त्यो थाहा पाएपछि भन्सार विभागको आग्रहमा सीआईबीले अनुसन्धान सुरु गरेको थियो । सीआईबीको अध्ययन प्रतिवेदनका आधारमा सरकारी वकिलको कार्यालय, काठमाडौंले जिल्ला अदालतले मुद्दा दायर गरेपछि माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा जोडिए । यो प्रकरणमा जोडिएका व्यक्तिहरुको कल डिटेल रेकर्ड (सीडीआर) को विश्लेषण चार्टमा दुई चिनियाँ नागरिक लुई र डाओजिन वाङको कृष्णबहादुर महरा र उनका छोरा राहुलसँग सम्पर्क भएको देखिन्छ ।

तर सीआईबीले दुबैसँग बयान समेत लिएको थिएन । यसलाई लिएर सरकारमाथि प्रश्न उठिरहेका बेला २ साउनमा ब्रेक शुमा लुकाएर ल्याएको सुन बरामद भयो ।

यसको अनुसन्धानका क्रममा प्रहरीले बेल्जियमका नागरिक दावा छिरिङलाई पक्राउ गरेलगतै माओवादी नेताहरुमाथि प्रश्न उठ्यो । रोल्पाकी अमला रोकासँग विवाह गरेका दावाको माओवादी नेताहरुसँग बाक्लो उठबस थियो । यो मुद्दाको अनुसन्धानकै क्रममा सीआईबीले पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन, माओवादी नेताहरुसँग राम्रो सम्बन्ध भएका व्यवसायी भीमकान्त भण्डारीसँग सोधपुछ पनि गरेको छ । यही क्रममा भेपमार्फत भएको सुन तस्करीको अनुसन्धानका लागि राहुल पनि पक्राउ परेका छन् ।

तर सीआईबीको अनुसन्धान प्रतिवेदनअनुसार सरकारी वकिलको कार्यालयले दायर गरेको ब्रेक शुमार्फत भएको सुन तस्करीमा उनीहरुलाई अभियुक्त बनाइएको छैन ।

सीआईबी अधिकारीहरु अनुसन्धानका क्रममा प्रमाणले भेटेकाहरुलाई मात्र मुद्दा चलाइएको बताउँछन् । आइतबार संसदको राज्य व्यवस्था समितिको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि सीआईबीले निष्पक्ष अनुसन्धान गरेको दाबी गरे ।

तर एमाले नेताहरु यसमा सहमत छैनन् । एमाले सचेतक महेश बर्तौला भन्छन्, 'जुन लभेलमा सीआईबीले काम गरेको छ, उसले राम्रै गरेको होला । तथापि प्रश्न सिर्जना भएको छ । अभियोजनमा खोजबिन गर्नुपर्ने मान्छे पनि छुट्यो भन्ने आशंका सिर्जना भएका छन् ।' भरिया र रिसिभर मात्र होइन, पर्दा पछाडि कोको पात्र छन् ? वित्तीय स्रोत व्यवस्थापनकर्ताहरु कोको हुन् ? समग्र अनुसन्धान गर्ने गरी जाँचबुझ आयोग बनाउनुपर्ने एमालेको अडान छ ।

एमालेले भेप र ब्रेक शुमार्फत भएको तस्करीको आयोगले नै अनुसन्धान गर्नुपर्ने माग गर्नुको पछाडि यसमा माओवादी नेताहरु पर्छन् भन्ने विश्वासले काम गरेको स्रोत बताउँछन् । उच्चस्तरको कनेक्सन खुल्छ भनेर नै माओवादी केन्द्रका नेताहरु अधिकार सम्पन्न जाँचबुझ आयोग बनाउन तयार नभएको एमालेको आरोप छ । एक नेता भन्छन्, 'सुन तस्करीमा माओवादी नेताहरुको छोराहरुमार्फत उच्चस्तरको कनेक्सन छ, त्यहाँसम्म पुग्नुपर्छ ।'

सत्तारुढ गठबन्धनमा आवद्ध दलका नेताहरु भने एमालेले आफैंले गरेको सहमति विपरीत नयाँ नयाँ शर्त राखेर संसद अवरोध गर्ने बाहना मात्र खोजेको दाबी गर्छन् ।

*(स्रोतः अनलाइनखबर)*

# दयाहाङ र मिरुनाको 'रङ्गेली' अष्ट्रेलियामा प्रिमियर हुने




काठमाडौं/सुपरहिट जोडी दयाहाङ राई र मिरुना मिरुना मगरको चौंथो सहकार्य रहेको फिल्म 'रङ्गेली'को यतिबेला पूर्वमा छायांकन भैरहेको छ । आगामी फागुन २५ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्मको प्रिमियर भने अष्ट्रेलियाको मेलबर्न शहरमा गरिने भएको छ । आगामी माघको अन्तिम हप्ता फिल्मको प्रिमियर गरिने निश्चित भएको कार्यकारी निर्माता जीतेन्द खतिवडाले जानकारी दिए ।

अष्ट्रेलियाको वितरण अधिकार लिएको कम्पनी 'हट बिट्स ईभेन्टस्'ले 'रङ्गेली'को प्रदर्शनसँगै प्रिमियर गर्नेछ । प्रिमियरमा नेपालबाट कलाकारहरुसहितको टिमको सहभागिता रहने जनाइएको छ । संयुक्त राज्य अमेरिकामा पनि सार्वजनिक प्रदर्शन अगाडि प्रिमियर आयोजना गर्ने तयारी भैरहेको छ । स्टारकास्टका कारण सुटिङ पनि नसकिँदै विदेशी भूमिमा फिल्मको माग उच्च देखिएको छ ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहेको फिल्ममा अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकीको पनि अभिनय छ । सुशान्त गौतमको संगीतमा एक गीत युरोपको विश्व प्रतिष्ठित 'बुढापेस्ट अर्केस्ट्रा'मा लाइभ छायांकन हुनेछ । नेपाली फिल्ममा पहिलोपटक यसप्रकारले गीत छायांकन गर्न लागिएको हो । गीतमा हर्क साउदको शब्द छ भने सनुप पौडेल तथा अनु चौधरीको स्वर रहनेछ ।

फिल्मको कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरूमा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ छन् भने युवक कार्की र शिव थपलिया सह-निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । हर्कुलस बस्नेतको पनि संगीत रहेको फिल्मलाई सुशन प्रजापतिले छायांकन गरिरहेका छन् । फिल्म ग्यांगस्टर कथावस्तुमा केन्द्रित भएर बन्न लागेको हो ।

# प्रकाश भन्छन्, 'चुनौती मोलेर 'परदेशी २' गरेको हुँ'



काठमाडौं/गायनमा अहिलेका 'सुपरस्टार' हुन्, प्रकाश सपूत । उनका हरेक गीतले लोकप्रियताको शिखर चुमेका छन् । उनका गीतमा समाज र देशको चित्र भेटिन्छ । तर, धेरै कमलाई थाहा हुन सक्छ कि उनको बाल्यकालदेखिको रुचि अभिनय हो । बलिउडका शाहरुख खान जस्तै हिरो बन्ने सपना बोकेर उनी चार भञ्ज्याङ आएका थिए । र, अब उनको त्यो सपना फिल्म 'परदेशी २'बाट पूरा हुँदैन ।

दशैंको छेको पारेर यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको कथा प्रकाशमै केन्द्रित छ । जसले गर्दा दबाब पनि अन्य कलाकारभन्दा उनमा बढी छ । गायनमा उनको लोकप्रियताको फाइदा फिल्मको व्यापारमा पर्नसक्ने विश्लेषण गरिएको छ । गायकबाट हिरो बनेका अधिकांश असफल रहेको परिपेक्षमा यसमा पनि आफूलाई अपवाद सावित गर्नुपर्ने ठूलो चुनौती उनमा छ ।

यतिबेला फिल्मको प्रचारका लागि मोफसल दौडाहामा रहेका उनले आफूले चुनौती मोलेर 'परदेशी २'मा काम गरेको बताएका छन् । उनी भन्छन्, 'गीतसंगीत गर्नु र फिल्ममा अभिनय गर्नु विल्कुलै फरक रहेको पाएँ । चुनौती मोलेर म यो फिल्ममा जोडिएको हुँ ।' निर्देशक नारायण रायमाझी र आफू गीतसंगीत पृष्ठभूमिको भएकाले काम गर्न त्यति गाह्रो नभएको अभिनेता सपूतको अनुभव छ ।

फिल्मको कथा भन्ने शैली र कथावस्तु अत्यन्तै सरल रहेको उनको दाबी छ । अध्ययनका लागि विदेशिने विद्यार्थीको भूमिका निर्वाह गरेका उनले परदेश हुँदा घर, साथी, पढाईसँगै काममा हुने भोगाइ र यादहरुलाई फिल्ममा चित्रण गरिएको बताएका छन् । प्रकाश भन्छन्, 'हाम्रो घर-समाजमा जे भैरहेको छ त्यसलाई एकदमै राम्ररी प्रस्तुत गर्ने प्रयास गरिएको छ । हामी सबैले भोगेको कथा छ ।'

अभिनेत्री केकी अधिकारीले गीत र कथावस्तु बलियो रहेको बताइन् । 'कुनै पनि काम मन लगाएर गरेको खण्डमा देशमै सुन फल्छ भन्ने मूल मर्म फिल्मले बोकेको छ,' उनले भनिन् । प्रकाशसँग काम गर्न सहज महसुस भएको केकीको अनुभव छ । २०७२ सालमा रिलिज भएको अभिनेता प्रशान्त तामाङ अभिनीत फिल्म 'परदेशी' सुपरहिट भएको थियो । यसपटक उनी विशेष भूमिकामा छन् ।

# बिनापरिश्रमको विद्यावारिधिले...

काठमाडौँमा समेत देखिन्छ, कतिपय विदेशी विश्व विद्यालयले विद्यावारिधिको पसल थापेको । नामको अगाडि डा. लेख्ने यी विद्यार्थीले न सुपरिवेक्षकको नियमित सल्लाह सुझाव वा निर्देशन लिनुपऱ्यो, न सम्बन्धित क्षेत्रका हजारौँ पुस्तक र लेख (लिटरेचर रिभ्यु) पढ्नुपऱ्यो, न फिल्डमा महिनौँ खट्नुपऱ्यो न त राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञको मूल्याङ्कनको कसीमा अब्बल साबित हुनुपऱ्यो ।

मेरो अनुभव छ, विभिन्न विज्ञको सल्लाह सुझाव अनुसार शोधग्रन्थलाई परिष्कृत गर्दागर्दा त्यति ठूलो शोधग्रन्थको कुन पेजमा के छ भन्ने समेत याद हुने अवस्था आउँछ तर यस किसिमका डा. साबहरूलाई आफूले के विषयमा विद्यावारिधि गरेँ भन्नेसम्म याद नहुने रहेछ । जे गऱ्यो सबै विश्वविद्यालयले गऱ्यो । विद्यावारिधि उपाधि लिएँ भन्यो र परिचय गर्दा पनि म डा. फलाना भनेर नाक फुलायो बस् ।

यो तेस्रो किसिमका उपाधि धारण गर्ने व्यक्तिका कारण आज नागरिक तहमा विद्यावारिधि गर्ने सबै एकै हुन् कि भन्ने भाष्य निर्माण हुन खोजेको पाइन्छ । यस्ता किसिमका डा.का कारण अत्यन्तै परिश्रम, मिहिनेत र गहन अध्ययन अनुसन्धानबाट विद्यावारिधि प्राप्त गर्नेप्रति अन्याय भएकै छ । उनीहरूले आफैँलाई पनि अन्याय गरेका छन् ।

बिनापरिश्रम उपल्लो स्तरको प्रमाणपत्र लिएका कारण समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण नै परिवर्तन भएको छ, भलै उनीहरूलाई भेट्दा डाक्टर साब भनेर किन नभनून् । उनीहरूको आफ्नै आत्माले पनि पक्कै भनेको हुनुपर्छ – मैले यसरी प्रमाणपत्र नलिनुपर्थ्यो । अब होइन भनौँ भने झन् बेइज्जत हुने डरले ऊ आफैँ खुम्चिएको छ ।

विद्यावारिधि गरेपछि समाजमा व्यक्तिको प्रतिष्ठा र इज्जत बढ्नुपर्ने हो तर उसले प्राप्त गरेको उपाधि कसरी हात पाऱ्यो भनेर थाहा पाउनेको नजरमा उसको इज्जत गिरेको उसैलाई पत्तो हुँदैन । मलाई के पनि थाहा छ भने कतिपय विद्यार्थी नेपालका विश्वविद्यालयमा नियमित अध्ययन गर्छन् । अनुसन्धान समितिको निर्णय र निर्देशानुसार नियमसङ्गत रूपमा फिल्ड कार्य सक्छन् । मापदण्ड अनुसार शोधग्रन्थ तयार पारी सुपरिवेक्षकको सल्लाहबमोजिम अनुसन्धान समितिमा बुझाउँछन् । उक्त शोधग्रन्थ महिनौँसम्म मूल्याङ्कनका लागि कतै पठाइँदैन ।

विद्यार्थी भुटभुटिएर हिँड्छ, तर अधिकार प्राप्त पूर्वाग्रही व्यक्तिको अगाडि उसको के लाग्छ र ! प्राध्यापकबीचको इगो र प्रतिस्पर्धाले गर्दा बिनाकारण विद्यार्थीले दुःख पाउँछ । त्यसपछि ऊ विकल्प खोज्न बाध्य हुन्छ र पर्छ देश बाहिर का यस्तै व्यापारिक विश्वविद्यालयको फन्दामा । उसले विद्यावारिधिको उपाधि त लियो तर समाजमा शिर ठाडो पारेर बोल्न नसकिने विश्वविद्यालयबाट । ज्ञान, अभ्यास र बौद्धिकताका हिसाबले उसलाई शङ्का गर्ने ठाउँ छैन, तर शैक्षिक प्रमाणपत्रको व्यापार गर्ने भनेर बदनाम विश्वविद्यालयका कारण उसले आत्मसन्तुष्टि भने प्राप्त गर्दैन ।

छिमेकी देशका सबै विश्वविद्यालय यो वर्गमा पर्दैनन् । त्यहाँ पनि विश्वका उत्कृष्ट विश्व विद्यालय छन् । केही विश्व विद्यालयको हर्कतले गर्दा ती देशको इज्जतमै धक्का लागेको देखिन्छ । सुनिन्छ, अहिले त छिमेकी देश मात्र होइन, अन्य एसियन तथा युरोपियन देशमा पनि यस्तो खेती गरिन्छ । हामीले प्रत्यक्ष देखेका हौँ नि बेलायतमा अस्तित्वमै नरहेको एक विश्वविद्यालयको नाममा तामझामका साथ हाम्रा वरिष्ठ नेतालाई मानार्थ विद्यावारिधिको उपाधि दिइएको ।

मैले यो लेखमा विद्यावारिधि उपाधिको मात्र कुरा गरेँ । बारम्बार छापामा आइरहने विषय के पनि हो भने विभिन्न सेवामा कार्यरत व्यक्तिले पदोन्नतिका लागि यस्ता विश्व विद्यालयबाट स्नातक र स्नातकोत्तर तहको प्रमाणपत्र ल्याउने गरेका छन् । त्यसैका आधारमा ती व्यक्ति उच्च पदमा पनि पुगेका छन् । उनीहरूलाई जिन्दगीभर आफूले गलत गरेकामा आत्मग्लानि भइरहनेछ ।

नेपालीका लागि खुसीको कुरा के हो भने नेपालका विश्वविद्यालयले आफैँले प्रमाणपत्रको व्यापार गरेको आजसम्म पाइएको छैन । यस्तो किसिमको विकृति रोक्न अन्य विश्वविद्यालयबाट प्राप्त उपाधिको समकक्षता दिने अधिकार प्राप्त त्रिभुवन विश्वविद्यालयले तत्काल निम्न निर्णय गरेर कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

१) विदेशी विश्व विद्यालयबाट विद्यावारिधि गर्नेहरूले त्रिभुवन विश्वविद्यालयको सम्बन्धित अनुसन्धान समितिमा अध्ययनका लागि शोधग्रन्थ बुझाउनुपर्ने । शोधग्रन्थ पेस भइसकेपछि अनुसन्धान समितिले उपसमिति गठन गरी उक्त शोधग्रन्थ राष्ट्रिय र अन्तर्राष्ट्रिय परम्परा र मापदण्ड अनुसार रहे वा नरहेको लगायत अध्ययन गरी प्रतिवेदन अनुसन्धान समितिमा पेस गर्ने ।

२) पेस भएको प्रतिवेदन अनुसार शोधग्रन्थले सबै मापदण्ड पूरा गरेको, बौद्धिक चोरी नभएको, शोधग्रन्थ शोधार्थीको आफ्नै लेखाइ भएको पाइएमा उक्त शोधग्रन्थ स्वीकार गर्ने ।

३) स्वीकृत शोधग्रन्थ अनुसन्धान समितिमा शोधार्थीलाई प्रस्तुत गर्न लगाउने । यो एक किसिमको भाइभा नै हो । यी सबै प्रक्रियामा समिति सन्तुष्ट भएमा समकक्षताका लागि सिफारिस गर्ने ।

४) अनुसन्धान समितिको सिफारिस बेगर विश्वविद्यालयले समकक्षता प्रदान नगर्ने

५) व्यापारिक विश्वविद्यालयबाट बिनाअध्ययन उपाधि ल्याउने व्यक्तिका कारण नेपाल बाहिरका विश्वविद्यालयमा नियमित अध्ययन गरेर कडा मिहिनेत र परिश्रमले प्राप्त गरेको उपाधिको समकक्षता लिन कतिपय विद्यार्थीलाई अप्ठेरो परेको सुनिन्छ । त्यसकारण बिनाअध्ययन, अनुसन्धान शैक्षिक उपाधि वितरण गर्ने विश्वविद्यालयको नाम सार्वजनिक गर्दै ती संस्थाबाट प्राप्त गर्नेहरूको उपाधि खारेज गर्नेसम्मको निर्णय त्रिभुवन विश्वविद्यालयले गर्न सक्यो भने मात्र शैक्षिक उपाधिको व्यापार रोकिन सक्छ र सही रूपमा उपाधि हासिल गर्नेहरूले सहज रूपमा समकक्षता पाउँछन् ।

*(साभारः रातोपाटी)*

# चाडपर्व लक्षित आयात यस वर्ष पनि बढेन, निर्यात समेत खुम्चियो

काठमाडौं/नेपालमा चाडपर्वलाई लक्षित गरी सबैभन्दा धेरै उपभोग्य वस्तु आयात हुने महिना भदौमा यस आर्थिक वर्ष (आव) २०८०/८१ मा समेत ठूलो आयात नभएको सरकारी तथ्यांकले देखाएको छ । भन्सार विभागको तथ्यांक अनुसार यस वर्षको भदौमा १ खर्ब ३० अर्ब रुपैयाँ बराबरको मात्र वस्तु आयात भएको छ । यो अघिल्लो महिना साउनको तुलनामा मात्र १ अर्ब रुपैयाँ धेरै हो । अघिल्लो आव २०७९/८० को भदौ महिनामा मात्र १ खर्ब ४२ अर्ब रुपैयाँको आयात भएको थियो ।

भन्सार विभागका अनुसार यस आवको पहिलो दुई महिना (साउन-भदौ)मा कुल २ खर्ब ५९ अर्ब ७४ करोड रुपैयाँ बराबर को वस्तु आयात भएको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ५.०६ प्रतिशत कम हो । सो आवको पहिलो दुई महिनामा २ खर्ब ७३ अर्ब ५९ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो । आन्तरिक अर्थतन्त्रमा देखिएको सुस्तताका कारण उपभोक्तामा खर्च गर्ने आत्मविश्वास फर्किसकेको छैन । यसको असर अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष रुपमा देखिएको सरोकारवालाले बताउँदै आएका छन् ।

सोहीकारण अर्थमन्त्री डा. प्रकाशशरण महतले सार्वजनिक रुपमै बजारमा आत्मविश्वास जगाउने खालका अभिव्यक्ति दिन आह्वान गर्दै आएका छन् । नेपालमा असोज र कात्तिक महिनामा पर्ने मुख्य चाडबाड दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी हुने सबैभन्दा धेरै वस्तु आयात भदौमा हुने गरेको छ । तर, यस आवमा भने चाडबाड लक्षित आयात उत्साहजनक नदेखिएको हो ।

**निर्यात समेत खुम्चियो**

तथ्यांक अनुसार चालु आवको पहिलो दुई महिनामा निर्यात समेत खुम्चिएको छ । यस आवको साउन र भदौमा मात्र २६ अर्ब ४४ करोड रुपैयाँको वस्तु आयात भएको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ७.७९ प्रतिशत कम हो । अघिल्लो आवमा २८ अर्ब ६८ करोड रुपैयाँको वस्तु निर्यात भएको थियो । वस्तु आयात र निर्यात दुवैमा आएको कमीका कारण यस आवको पहिलो दुई महिनामा व्यापार घाटा र कुल वैदेशिक व्यापार समेत खुम्चिएको छ । यस आवको पहिलो दुई महिनामा व्यापार घाटा २ खर्ब ३३ अर्ब ३० करोड रुपैयाँ देखिएको छ । यो अघिल्लो आवको यसै महिनाको तुलनामा ४.७४ प्रतिशत कम हो ।

अघिल्लो आव दुई महिनामा २ खर्ब ४४ अर्ब ९१ करोड रुपैयाँ बराबरको व्यापार घाटा थियो । कुल व्यापारको आधार दुई महिनामा २ खर्ब ८६ अर्ब ६१ करोड पुगेको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ५.३२ प्रतिशतले घटेको हो । अघिल्लो आवको पहिलो दुई महिनामा कुल वैदेशिक व्यापारको आकार ३ खर्ब २ अर्ब २८ करोड रुपैयाँ रहेको थियो । यस वर्ष पहिलो दुई महिनामा वैदेशिक व्यापारमा आयातको हिस्सा ९०.७६ र निर्यातको हिस्सा ९.२४ प्रतिशत रहेको देखिन्छ ।

**दुई महिनामा झण्डै ४५ अर्बको पेट्रोलियम आयात**

भन्सार विभागको तथ्यांक अनुसार दुई महिनामा पेट्रोलियम पदार्थको आयातमा मात्र नेपालबाट झण्डै ४५ अर्ब रुपैयाँ विदेशिएको छ ।

नेपालमा भारतबाट यस्तो वस्तु आयात हुने गर्छ । दुई महिनामा २४ अर्ब ४९ करोड रुपैयाँको आइरन र स्टील आयात भएको छ । यस्तो वस्तुको निर्यात समेत २ अर्ब ६२ करोड रुपैयाको भएको छ । दुई महिनामा ५ अर्बको तर कारीजन्य वस्तु आयात भएको छ ।

**भारतसँग हुन्छ सबैभन्दा धेरै व्यापार**

नेपालको सबैभन्दा धेरै वैदेशिक व्यापार भारतसँग हुने गरेको छ । पहिलो दुई महिनामा भारतबाट १ खर्ब ६० अर्ब ७५ करोड रुपैयाँको वस्तु आयात भएको छ । नेपालबाट १६ अर्ब ७३ करोड रुपैयाँको वस्तु निर्यात हुँदा व्यापार घाटा १ खर्ब ४४ अर्ब रुपैयाँ देखिएको छ । चीनबाट ४६ अर्ब ५४ करोड रुपैयाँको वस्तु आयात हुँदा नेपालबाट मात्र ५४ करोड रुपैयाँको वस्तु निर्यात भएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# अनमोलले 'रावायण' छाडेका हुन् ?

काठमाडौं/सम्झौता गरेको फिल्म छाड्नु अभिनेता अनमोल केसीका लागि बायाँ हातको खेल हो । यो मामलामा उनी सबैभन्दा अनुभवी छन् । धेरै फिल्म छाड्ने अभिनेताको सूचीमा उनको नाम शीर्ष स्थानमा आउँछ । 'ग्याङस्टर ब्लुज', 'ब्याचलर बन्टी', 'धुपौरे', 'हनी बनी', 'एक्स ९' र पूजा शर्माको फिल्म उनले सम्झौता गरेर छाडेका फिल्म हुन् । र, प्रायः फिल्म उनले स्क्रिप्ट चित्त नबुझेरै छाडेका छन् ।

हतारमा फिल्म सम्झौता गर्ने अनमोलको बानी हो । अझ भनौं वानलाइन स्टोरी सुनेकै भरमा उनी काम गर्न राजी हुन्छन् । साइनिङ एमाउन्ट पनि बुझिहाल्छन् । जब फाइनल स्क्रिप्ट हातमा पर्छ तब उनलाई चित्त बुझ्दैन अनि अलग भैहाल्छन् । कुनै फिल्म उनले मेकरले हतारमा छायांकनको दबाब दिँदा पनि छाडेका छन् । यी कुराले उनीप्रति मेकरको विश्वास विस्तारै डगमगाउँदै गएको छ ।

स्क्रिप्ट र चरित्रमा पूर्ण सहमत नभएसम्म र त्यसका लागि आफू तयार नभएसम्म फिल्ममा काम नगर्नु राम्रो पक्ष हो । यत्तिको अडान कलाकारमा हुनुपर्छ । तर, अनमोलले साइन गर्दै छाडेका फिल्मको सूची हेर्दा दोष मेकरलाई मात्र दिने आधार पनि देखिन्न । उनकै निर्णय क्षमतामाथि प्रश्न उठ्छ । उनको फिल्म छाड्ने श्रृंखलामा अब सदर्शन थापाको 'रावायण' पनि थपिन सक्ने चर्चा भैरहेको छ ।

उनले शनिबार फेसबुकमा स्टाटस लेख्दै अब स्क्रिप्ट चित्त नबुझेसम्म फिल्म नगर्ने र कुनै प्रकारको दबाब र हतारको प्रभावमा नपर्ने बताएका छन् । उनको यो स्टाटस 'रावायण' मेकरप्रति लक्षित रहेको आँकलन धेरैले गरेका छन् । निकट स्रोतका अनुसार, उनलाई फिल्मको स्क्रिप्ट चित्त बुझिसकेको छैन । तर, निर्देशक थापा भने असोज १३ गतेदेखि छायांकन थाल्ने तयारीमा लागिसकेका छन् ।

'रावायण'मा अनमोलको दोहोरो भूमिका हुनेछ । त्यसमध्ये एउटा भूमिका नकारात्मक छ । यसका लागि पूर्वतयारी गर्न उनले समय मागेको र स्क्रिप्टमा अझै मिहिनेत गर्न लेखक र निर्देशकलाई आग्रह गरेको बताइन्छ । अघिल्लो हप्ता मात्र नगरकोटमा स्क्रिप्टमाथि दुई प्रमुख कलाकारहरु (अनमोल र नीति शाह)सँग छलफल भएको थियो । त्यहाँ अनमोल पिता भुवन केसी समेत सहभागी थिए ।

चरित्र निर्माणका लागि पर्याप्त समय नदिए र स्क्रिप्टमा अझै मिहेनत नगरे अनमोल 'रावायण'मा काम नगर्ने मनस्थितिमा पुगिसकेको निकट स्रोतको दाबी छ । अहिले उनी र फिल्मको टिमबीच सम्पर्क विहीनको अवस्था रहेको बताइएको छ । अनमोलसँग सम्पर्क नै नभएपछि फिल्मको टिमले उनलाई असोज १३ गते सुटिङका लागि तयार रहन सन्देश पठाइसकेको स्रोतले जानकारी दिएको छ ।

फिल्मको टिमबाट निरन्तर दबाब आएपछि अनमोलले शनिबार स्टाटस लेख्न बाध्य भएको बताइन्छ । रोचक कुरा के छ भने उनले अहिलेसम्म यो फिल्म कागजी सम्झौता गरिसकेका छैनन् । तर, अर्को 'सरप्राइज' के छ भने उनले फिल्ममा काम गर्ने वाचा गरेर तस्विर खिचाउँदै निर्माताबाट 'साइनिङ एमाउन्ट'स्वरुप चेक लिइसकेका छन् । यहाँ विश्वासको भरमा काम अघि बढेको देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कोदो उत्पादनमा गढी र भीमफेदीको प्रोत्साहन

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरका दुई स्थानीय तहले रैथाने बालीका खेतीलाई अनुदान दिएर प्रोत्साहन दिँदै आएका छन् । धान र गहुँ जसरी सिँचाइ नचाहिने कोदोबालीलाई प्रोत्साहन दिन थालिएको हो । किसानले निर्वाहमुखी तवरले परम्परादेखि कोदोबाली लगाउँदै आएका थिए ।



गाउँपालिकाले प्रोत्साहन गर्न थालेपछि अब भने कोदोको मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा व्यावसायिक खेती अघि बढेको छ । मकवानपुरगढी र सँगैको भीमफेदी गाउँपालिकाले चालु वर्षदेखि कोदो खेतीलाई प्रोत्साहन दिन थालेका हुन् । मकवानपुरगढीका १, २, ४ ,७ र ८ नम्बर वडाका अधिकांश बासिन्दाले कोदोखेती गरेका छन् । मकवानपुरगढी गाउँपालिकाले बजारको व्यवस्थासँगै समर्थन मूल्य पनि तोकेकाले बिक्री हुनेमा ढुक्क रहेका किसान कुसुमबहादुर घलानले यो वर्ष २० रोपनी जग्गामा कोदो रोपेका छन् । बजारीकरणमा स्थानीय तहले सघाउन सुरु गरेपछि उनले यसपटक २० रोपनीमा कोदो रोपेको बताए ।

खेती विस्तार गर्ने घलान एक्ला होइनन् । २ रोपनीमा लगाउँदै आएकी अम्बिका चौलागाईले यसपटक १० रोपनी जग्गामा कोदो रोपेकी छन् । 'बेच्न र उचित मूल्य पाउन समस्या नभएकाले कोदो रोप्न थालेका हौं ।', चौलागाईले मख्ख पर्दै भनिन्, 'पहिला त गाईगोरुलाई नल खुवाउन घाँसको रुपमा कोदोखेती गरिन्थ्यो, अहिले कमाइका लागि गरिन्छ ।', मकवानपुरगढी गाउँपालिकाले कोदोको ब्रान्डिङसँगै बजारीकरण पनि थालेको छ । मकवानपुरगढीले कोदोको समर्थन मूल्य प्रतिकेजी ४५ रुपैयाँ तोकेको छ । कोदो स्थानीय सहकारीमा बेच्ने किसानलाई प्रतिकेजी थप २ रुपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी २ रुपैयाँ अनुदान दिने व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष दोर्जे लामाले बताए ।

अध्यक्ष लामाले भने- 'मकवानपुरगढीका कृषकहरु अहिले कोदोखेतीतर्फ आकर्षित भएका छन् ।' संघीय सरकारले कोदोखेतीको प्रवर्द्धनका लागि अनुदान दिन थालेपछि गाउँपालिकाले पनि सुरु गरेको उनले बताए । मकवानपुर गढीमा गतवर्ष २ सय ५० हेक्टरमा कोदोखेती गरिएको थियो । अहिले विस्तार भएर ३ सय हेक्टर पुगेको गाउँपालिकाको कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले बताए ।

चौधरीका अनुसार पालिकाका करिब २ सय घरधुरीले कोदोखेती गरेका छन् । गाउँपालिकाले कोदोको पिठो बजारमा ल्याएको छ । कोदोको खपत बढाउन विद्यालयको दिवाखाजा कार्यक्रममा सातामा एकदिन कोदोका परिकार खुवाउनु पर्ने नियम बनाइएको छ । दिवाखाजा कार्यक्रममा कोदोको सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ ।

गाउँपालिकाले गत वर्षदेखि बाँझो जग्गा खनजोत गरेर खेती गर्ने कृषकलाई प्रतिरोपनी ९ सय रुपैयाँ प्रोत्साहनस्वरुप अनुदान दिने गरेको छ । गत आवमा ४१ रोपनी बाँझो जग्गा खनजोत गरिएको थियो । यो वर्ष गाउँपालिकाले कोदो र फापरको समर्थन मूल्य तोक्नका लागि प्रक्रिया अगाडि बढाएको गापा उपाध्यक्ष मानकुमारी पाखिनले बताइन् ।

यसैगरी भीमफेदी गाउँपालिकाले चालु आवदेखि कोदोखेती गर्ने किसानलाई प्रतिरोपनी २ हजार ५ सय रुपैयाँ अनुदान दिने व्यवस्था गरेको छ । कोदोखेती गर्नेलाई अनुदान दिने व्यवस्था बजेटमै घोषणा गर्दा किसानमा सकारात्मक सन्देश गएको गाउँपालिका अध्यक्ष हिदम लामाले बताए । 'अहिलेको वर्ष झण्डै तीन हजार रोपनीमा कोदो रोपिएको छ ।', उनले भने । गत वर्षसम्म कोदोखेती एक हजार रोपनीमा पनि थिएन । भीमफेदीले कोदोखेती प्रवर्द्धन गर्न चालु आवका लागि २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

# बकैयामा राष्ट्रिय बुदोकैदो प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरको बकैया गाउँपालिकामा राष्ट्रिय बुदोकैदो फुल कन्ट्याक्ट प्रतियोगिता हुने भएको छ । नेपाल बुदोकैदो फुलकन्ट्याक्ट संघको आयोजनामा १७ औं राष्ट्रिय बुदोकैदो फुल कन्ट्याक्ट प्रतियोगिता हुने भएको हो ।



आगामी शुक्रबारदेखि मकवानपुरको बकैया गाउँपालिका ३ स्थित हात्तिसुँडेमा बुदोकैदो फुल कन्ट्याक्ट तौलसमूह प्रतियोगिता हुने भएको छ । प्रतिप्रतियोगितामा सातवटै प्रदेशका करिब ३६० खेलाडीको सहभागिता रहने आयोजक संघ शाखा अध्यक्ष गणेश लामाले जानकारी दिएका छन् । पुरुषमा १० र महिलामा २ गरी १२ स्पर्धामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगिता सञ्चालन गर्न करिब १५ लाख ६५ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# प्रचण्डविरुद्धको अवहेलना मुद्दामा सर्वोच्चले २८ मंसिरमा निर्णय सुनाउने

काठमाडौं, ७ असोज/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डविरुद्ध परेको अदालतको अवहेलना सम्बन्धी एक मुद्दामा सर्वोच्च अदालतले २८ मंसिरमा निर्णय सुनाउने भएको छ ।



न्यायाधीशहरु ईश्वर प्रसाद खतिवडा र कुमार रेग्मीको इजलासले सात वर्ष पुरानो मुद्दामा आइतबार निर्णय सुनाउने मिति तोकेको हो । द्वन्द्वकालीन मुद्दाबारे माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले २०७३ वैशाखमा विवादास्पद अभिव्यक्ति दिएका थिए । उनको अभिव्यक्तिले अदालतको अवहेलना गरेको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी लगायतले सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।

लामो समयदेखि सर्वोच्चमा अड्किएको मुद्दामा आइतबार दुवैतर्फको बहस सकिएको छ । बहस सकिएपछि इजलासले २८ मंसिरमा निर्णय सुनाउने भनी आदेश दिएको हो । उनीमाथिको आरोप ठहर भएमा अदालतले कैद वा जरिवानाको प्रस्ताव सहित उनलाई माफी माग्ने अवसर दिन सक्नेछ । आरोप पुष्टि नभए निवेदन खारेज हुन्छ ।

२०७३ वैशाखको अन्तिम साता राष्ट्रिय सभागृहमा माओवादी कार्यकताको भेलामा प्रचण्डले अदालतमा आफूविरुद्ध षडयन्त्र भएको भनी अभिव्यक्ति दिएका थिए । माओवादी विरुद्ध अदालतलाई प्रयोग गरिएको र दिउँसै रात पार्ने प्रपञ्च भएको भन्दै उनले आक्रोश पोखरेका थिए ।

त्यतिबेला व्यक्तिहत्याको आरोपमा बालकृष्ण ढुंगेल पक्राउ परेका थिए । गोरखाका कृष्णप्रसाद अधिकारीको हत्याको आरोपमा चितवनबाट माओवादी कार्यकर्ता छविलाल अधिकारी पक्राउ परेका थिए ।

त्यही आक्रोशमा प्रचण्डले शान्ति प्रक्रियाविरुद्ध अदालत अघि बढ्दैछ भनी विवादास्पद अभिव्यक्ति दिएका थिए । उनको अभिव्यक्तिविरुद्ध त्रिपाठीले अवहेलनाको आरोपमा कारवाही अघि बढाउन माग गर्दै सर्वोच्चमा निवेदन दिएका थिए ।


## विमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको विमालेख (पोलिसी) मिति २०८० भदौ २२ गते काठमाडौंबाट हेटौंडा आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नाम:** लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि.
**विमालेख (पोलिसी) नम्बर:** ११००४८४५८
**विमितको नाम:** सुरम्य शंकर रुपाखेती
**विमितको ठेगाना:** हिमचुली मार्ग चण्डोल-४, काठमाडौं
**सम्पर्क फोन:** ९८५११९३७२४


# थाहा रुप्सेका लामा घरमै मृत भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरमा आइतबार एकजना पुरुष मृत अवस्थामा फेला परेका छन् । थाहा नगरपालिका-४, रुप्से बस्ने ३७ वर्षीय दिनेश लामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरीनायवउपरीक्षक भण्डारीका अनुसार, लामा आफ्नै घरको धुरीको बलोमा प्लाष्टिकको डोरीले पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको हो । घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको जनाइएको छ ।

**बागमती प्रदेशमा एकैदिनमा चारजना मृतफेला**

थाहाको रुप्सेमा लामासहित बागमती प्रदेशमा एकैदिनमा चारजना मृत अवस्थामा भेटिएका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार शनिबार मकवानपुर, चितवन, सिन्धुली र नुवाकोटमा एक-एक जना झुण्डिएको अवस्थामा मृत भेटिएका हुन् ।

थाहाका लामा आफ्नै घरको धुरीको बलोमा, नुवाकोट ककनी गाउँपालिका-४, रानीपौवास्थित रानीपौवाबाट डाँडागाउँ जाने कच्ची सडकखण्डको छेउमा हाल नामथर, वतन नखुलेको २६ वर्षीय पुरुष झुण्डिएको अवस्थामा मृत भेटिएका हुन् । उनी सल्लाको रुखमा नाईलनको डोरी लगाएर झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

चितवन कालिका नगर पालिका-४, पिपरियाटोलको सृजनाचोक बस्ने १४ बर्षीया अग्रता प्रधान झुण्डिएको अवस्थामा मृतफेला परेकी छन् । उनी आफू सुत्ने कोठाको सिलिङपंखा झुण्ड्याउने रडमा सलको पासो लगाएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

यसैगरी सिन्धुली तिनपाटन गाउँपालिका-४, बेशीटार घरभई हाल कमलामाई नगर पालिका-६ सिद्धस्थली बोर्डिङ नजिकै डेरा गरी बस्ने २४ वर्षीया सन्जु रानामगर मृत भेटिएकी हुन् । उनी आफू सुत्ने कोठाको काठको बलोमा सलको पासो लगाएर झुण्डिएको अवस्थामा मृतफेला प्रहरीले जनाएको छ ।

# हटियाबाट दुईजना फरार अभियुक्त पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ गैंडाको खाग चोरी शिकारी मुद्दाका दुईजना फरार अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले पक्राउ गरेको छ । चितवन पदमपुर घर भई हेटौंडा-१६ हटिया बस्ने ५२ वषीय विष्णु कार्की र ४६ वर्षीय काले बानियाँ पक्राउ परेका हुन् ।

उनीहरुलाई हेटौंडा उपमहानगरपालिका-१६ हटियाबाट शनिबार साँझ पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गैंडा मारेर खाग चोरी गरेको मुद्दामा फरार उनीहरुलाई ईलाका प्रहरी कार्यालय पशुपति नगरबाट खटिएको टोलीले पक्राउ गरेको थियो ।

पक्राउ परेकाहरुलाई आवश्यक कारबाहीका लागि कसरा सेक्टर चितवन राष्ट्रिय निकुञ्ज पठाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी एवं प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए ।

# मकवानपुरमा डेंगू संक्रमितको संख्या ५०० नजिक



साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरमा थप २५ जनानमा डेंगू संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा उनीहरुमा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा हेटौंडा उपमहा नगरपालिकाका २४ जना र भीमफेदी गाउँपालिकाका १ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । यससँगै जिल्लामा गत साउन १ गतेदेखि आइतबारसम्म डेंगू संक्रमितको कूल संख्या ४९५ पुगेको छ । जसमा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । त्यहाँ ३४७ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगर पालिकाका एकजना, मकवानपुरगढी गाउँपालिकाका ८ जना, बागमती गाउँपालिकाका २२ जना, मनहरी गाउँपालिकाका ४१ जना, इन्द्रसरोवर गाउँपालिकाका २ जना, भीमफेदी गाउँपालिकाका १२ जना, बकैया गाउँपालिकाका १५ जना र राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यस्तै, यो अवधिमा हेटौंडामा अस्पतालमा ४० जना र अन्य जिल्लाका ६ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।


## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८०/०६/०८*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत ) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चल अचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसी दिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ४४३<br>जारी मिति: २०४४/१०/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर |  | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१को जग्गा । |


# श्रमिक सानाकिसानको बचत सात करोड बढी

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरगढी-३, मक्रान्चुलीमा रहेको श्रमिक सानाकिसान कृषि सहकारी संस्थाको ११ औं वार्षिक साधारणसभा आइतबार भएको छ । भाद्र २० गतेदेखि वडागत रुपमा सभा गर्दै आइतबार वार्षिक साधारणसभा गरिएको हो ।



गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष निर्मलाकुमारी लम्सालको सभाध्यक्षतामा सभा भएको थियो । सभाको अवसर पारेर गाई ब्लक विकास कार्यक्रमलाई साथ सहयोग गर्ने पूर्व गाउँपालिका अध्यक्ष विदुर हुमागाई र वडा नम्बर ३ का वडाध्यक्ष भागवत घिमिरेलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

त्यस्तै, बाल बचततर्फ सजल लम्साल, जेष्ठ नागरिक बचततर्फ खेमकुमारी लम्साल, पेवा बचततर्फ हरिमाया स्याङ्तान र यदुनाथ रेग्मीलाई पुरस्कृत गरिएको थियो । सभामा असल ऋणीतर्फ रीता सापकोटा, राधिका हुमागाई, फूलमाया न्यासुर, पार्वती स्याङ्तानलाई पुरस्कृत गरिएको थियो ।

सहकारीले आफ्ना शेयर सदस्यलाई २० करोड ६३ लाख ३८ हजार ८ सय १३ रुपैयाँ ऋण प्रवाह गरेको संस्थाका प्रबन्धक गीता लम्सालले जानकारी दिइन् । साविक मकवानपुरगढी गाविस कार्यक्षेत्र रहेको सहकारीमा एक हजार ५६० जना सदस्य आवद्ध रहेका छन् । संस्थाको शेयरपुँजी एक करोड ४६ लाख ७२ हजार तीन सय रहेको छ भने बचत निक्षेप ७ करोड ३८ लाख ८३ हजार १३५ रुपैयाँ रहेको प्रवन्धक लम्सालले बताइन् ।

सभामा संस्थाका अध्यक्ष लम्सालले संस्थागत प्रतिवेदन, लेखासमिति संयोजक राधिका सापकोटाले लेखा समितिको प्रतिवेदन र प्रवन्धक गीता लम्सालले आव ०७९/८० को लेखापरीक्षण प्रतिवेदन र चालु आव ०८०/८१ को लागि २२ करोड ६७ लाखको अनुमानित आयव्यय विवरण पेश गरेका थिए ।

सभामा गाउँपालिकाका पूर्वअध्यक्ष हुमागाई, वडा ३ का वडाध्यक्ष घिमिरे, २ का अध्यक्ष बखानसिं पाखिन, ४ का अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, सिर्जनशील समाज साकोसका अध्यक्ष कृष्णबहादुर विडारी, मनकामना दुग्ध उत्पादन सहकारीका अध्यक्ष अर्जुनप्रसाद दाहाल, धमिले कृषि सहकारीका अध्यक्ष नवराज सञ्जेल, स्वरोजगार सानाकिसान कृषि सहकारीका अध्यक्ष धनकुमारी खड्का, हिमाल बहुउद्देश्यीय सहकारीका अध्यक्ष जानकी दाहाल, रानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष उमेश अधिकारी, संस्थाका सल्लाहकार बलराम हुमागाई, गाउँपालिका सहकारी शाखाका सूर्यबहादुर गुरुङ, पशुशाखाका प्रमुख सत्यनारायण साह, कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी, मनकाना दुग्ध सहकारीका व्यवस्थापक शशी लम्साललगायतको आतिथ्यता रहेको थियो ।

यसैगरी, साधारणसभाको बन्दसत्रले लम्सालको अध्यक्षतामा ९ सदस्यीय नयाँ सञ्चालक समिति चयन गरेको हो । समितिको उपाध्यक्षमा रीता योञ्जन र सदस्यहरुमा सुजाता आले, आईतीमाया वाईबा, सुकुन्तला गिरी, सरिता नेगी, भुवनकुमारी तिमल्सिना, कुमारी गोङवा र संगीताकुमारी लुङवा रहेका छन् । यसैगरी लेखा सुपरीवेक्षण समितिको संयोजकमा राधिका सापकोटा, सदस्यहरुमा रेणुका पूर्वछाने मगर र विमला सापकोटा चयन भएका छन् ।

# साइराम साकोसको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ हेटौंडा-२ स्थित साइराम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा भएको छ । संस्थाका अध्यक्ष राजेन्द्रप्रसाद पौडेलको अध्यक्षता तथा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।




साधारणसभाको उद्घाटन गर्दै प्रमुखअतिथि देवकोटाले सहकारीमा सुशासन आवश्यक रहेको बताए । शेयर सदस्यले संस्थाबाट ऋण लिएर आर्थिक उपार्जनको लागि लगानी गरिरहेको भन्दै उनले शेयर सदस्यलाई आयआर्जनतर्फ आकर्षित गर्नुपर्ने बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखाप्रमुख हिमप्रसाद पौडेलले सहकारीले शेयर सदस्यलाई आयआर्जनतर्फ अग्रसर हुने खालको कार्य गर्नुपर्ने बताए ।

संस्थाको वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन अनुसार संस्थामा कुल २०७२ शेयर सदस्य आवद्ध रहेको सहकारीको शेयर पूँजी २ करोड ६६ लाख ७९ हजार ४ सय रुपैयाँ, बचत निक्षेप २३ करोड ८९ लाख १६ हजार ७ सय ९७ रुपैयाँ रहेको जनाइएको छ । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका उपाध्यक्ष मीना चौरेल, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डा.गणेश लामालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा सहकारीको बचत तथा कर्जामा उत्कृष्ट कारोबार गर्ने, उत्कृष्ट बचत र ज्येष्ठ सदस्यलाई पुरस्कृत गरिएको थियो ।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

*लम्पी स्किन रोगका लक्षणहरु:*

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने।
- नाक, मुख, कल्चौडा र थुनमा घाऊ हुने।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नि सुनिने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

*यस्ता लक्षण देखिएमा,*

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना